


# परिवर्तनको यात्रा

**संघीयता, गणतन्त्र, सुशासन, समावेशिता, धर्म निरपेक्षता जस्ता शब्दहरूप्रति मुठ्ठीभरलाई ज्यादै अरूचि देखिन्छ । तर, भुल्नै नहुने तथ्य भनेको देशमा आशावादी पंक्ति अहिले पनि विशाल छन् ।**





**मदन कुमार श्रेष्ठ**

कयौंलाई लाग्छन्, देश बन्दै बनेन । त्यसैले त आँगनमा बिछ्याइको फुल टेकेरपरदेशको साइत निकाल्नेहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । खाडीको मरुभूमिमा बगेको पसिना र रगतको सागर नै बनिसकेको छ ।

केहीलाई लाग्लान्, बन्दैछ देश तर, सुस्त गतिमा । बस्, हेर्ने दृष्टि बदल्नुपर्छ । हिजो बोल्न नसक्नेहरु आज अधिकार माग्दैछन् । गणतन्त्र, संघीयता, समावेशी सहभागिता र धर्म निरपेक्षता देश बन्दै गएको सूचक नै त हुन् । सडक सञ्जालको बिस्तार, शिक्षामा समान सहभागिता र बढ्दो पहुँज देश बनेकै तस्बिर हुन् । सात समुद्र पारी रहेका छोराछोरी वा आफन्त सँगको साँझ-बिहान हुने सामिप्यता देश बनेकै पुरस्कार हो ।

अनि सत्तासीनलाई लाग्दा हुन्, यहाँ भन्दा कति बढाउने गति? कसरी ?भर्खरै त राज्यका पुराना संरचना भत्कायौं । मानसिकता तोड्दै छौं । भन्नासाथ सवै कहाँ हुन्छ ? भएकै हेर्न त, केन्द्रीयतथ्याङ्क विभाग जानुपर्छ । जसले बिस्तारै गरिबी घट्दै गएको देखाउँछ । भ्रष्टहरु समातिदैछन्, समाचारमा आइरहेकै छ । गाउँगाउँमा सिंहदरबार पुगेको छ । कानूनी असहजता तोडिएर भर्खरै त समृद्धि र सामाजिक रुपान्तरणका काम हुन थालेको छ । धेरै विरोध नगरिहाल्नुहोस् न, प्रतिगामीलाई सहयोग पुग्नेगरी ।

सायद, माथि उल्लेखित तीनै तप्काले गर्ने तर्क उत्तिकै ओजनदार छन् । तीनै विश्लेषणलाई चाहे जति लम्ब्याउन सकिन्छ । तर्कले जित्ने सकिन्छ र हार्न पनि । वास्तवमा, माथि प्रयुक्त तथ्यहरु नै हुन्, वर्तमान नेपालको साँचो तस्बिर ।

२००७ सालको प्रजातन्त्र, २०४६ सालको बहुदलीय प्रजातन्त्र, २०६२/०६३ को दोस्रो जनआन्दोलन, २०६४ र २०७२ को मधेश आन्दोलन अनि आदिवासी जनजातिहरुको आन्दोलनको अग्रभाग रहने वर्ग र तप्काको खोजी गर्ने हो भने देशले पटक्कै गति लिन नसकेको निष्कर्ष निस्कन्छ । किनभने, वास्तवमा नेपालका आधारभूत जनताको जीवनमा थोरै पनि परिवर्तन आउन सकेको देखिदैन । आज पनि कमजोर नागरिकले हरेक क्षेत्रबाट थप पीडा भोग्नु परिरहेको छ । भूमिहीन, दमित र शोषित वर्गले आज पनि न्यायको श्वास फेर्न सकेका छैनन् ।

निर्मला पन्त र उनी जस्तै बलात्कार पछि हत्या भइरहेका वर्ग उपल्लो शासित तप्काका होइनन् । उनीहरु क्षेत्रीय, लैंगिक र आर्थिक रुपमा चरम शोसित क्षेत्रका हुन् । उनीहरुमा लोकतन्त्र आएको आभाश फिटिक्कै देखिदैन । लामो राजनीतिक संघर्षबाट प्राप्त लोकतान्त्रिक गणतन्त्रले 'जनताको मालिक स्वयम् जनता मात्रै नभएर सिंगो यो मुलुकको सार्वभामिता समेत जनतामै निहीत' रहेको परिभाषा दिन्छ । तर, अहिले आभाश दिइरहेको छैन ।

लैंगिक आधारमा भेदभाव कायमै छ । परम्परागत जातीय संरचना सिंहदरबारले जोगाउने प्रयत्न गरिररहेको छ । त्यसैको बाछिटा गाउँगाउँमा जातीय भेदभावका रुपमा प्रकट भइरहेका छन् । प्रदेश र स्थानीय सरकारले मुलुक संघीयताको गएको अनुभूति गर्न नसकिरहेको तथ्य सुनाइरहेका छन् । घरदेशमा गरिखाने बातावरण नदेखे पछि परदेशिनु आम नेपालीकै नियति बनिसकेको छ । तर, विदेशिने प्रवृत्तिलाई पनि मसिनोगरी विश्लेषण गर्ने हो भने सरकार जिवितै छ ? भन्ने प्रश्न स्वभाविक रुपमा उठ्छ । किनभने, विप्रेषणबाट नेपालको अर्थतन्त्रलाई सन्तुलित बनाउन महत्वपूर्ण भूमिका खेलिरहेका नेपाली श्रमशक्तिको परदेशमा सामान्य सुरक्षा समेत हुन सकिरहेको छैन ।

सुनको सपना देखेर मरुभुमिको देशमै संसार त्याग्नेहरुको संख्याबाट त्यो प्रमाणित हुन्छ । थोरै राम्रो आम्दानी र पारिवारिक पृष्ठभूमिका भएकाले परदेशमा आफ्नो सुरक्षा आफैं गरे पनि श्रणको भारी बोकेर श्रम बेच्न साउदी पुगेकाहरुको जीवनको कुनै भर छैन । यो दृष्यले भन्छ- देश त बन्दै बनेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको झण्डा त फहरिएको छ, तर त्यो झण्डाले परिवर्तनको रंग फहराउन सकेको छैन ।

देशमा केही हुँदैछ भन्नेहरु आशावादी हुन् । केही मध्यम र उच्च आर्थिक पृष्ठभूमिका व्यक्तिले यस्ता तर्क गर्नु स्वभाविक छ । अथवा, देशमा परिवर्तनको खाँचो देख्ने देशभक्तहरुलाई देश बन्दै गरेको लाग्न सक्छन् । देहात, कर्णाली, सूदुरपश्चिम र कथित दलित समुदायमा आएको परिवर्तनको आभाले भने यी आशावादीमा मुहारमा थोरै खुशीको चमक देखिएको छ । साढे दुई वर्ष अगाडि सम्पन्न स्थानीय तहको निर्वाचनले हरेक वडामा समावेशी सरकार गठन गरेको छ । दलित महिला अनिवार्य भन्ने व्यवस्थाले संख्यात्मक सहभागिता सँगै गुणात्मक सन्देश बिस्तारै प्रवाहित भइरहेकै छ ।स्थानीय तहको प्रमुख तथा उपप्रमुख मध्ये एकमा अनिवार्य महिलाको सहभागिताले ल्याएको परिवर्तन देख्न केही समय लाग्नेछ । भलै, पुरातन सोंचका कारण अधिकांश उपप्रमुख महिला बनाइयो । तर, अर्को पटक यी उपप्रमुखहरु स्वभाविक रुपमा प्रमुखको दावेदार हुनेछन् ।

नीजि र सरकारीको विभेद बढ्दै गए पनि शिक्षा क्षेत्रमा अक्षरबाट बञ्चित हुनुहुँदैन भन्ने भावको विकास सवैभन्दा ठूलो उपलब्धी बनेको छ । आज हरेक अभिभावकलाई आफ्ना बालबच्चा पढाउन नपाए सवैभन्दा ठूलो हिनताबोध हुने अवस्था सिर्जना भएको छ । साक्षरता दर बढ्दै जाँदा यसले सामाजिक रुपान्तरण, राजनीतिक सहभागिता, आर्थिक समृद्धि जस्ता आधारभूत क्षेत्रले बिस्तारै गति लिन थालेको छ । तर, विश्व जगतको तुलनामा नेपाल निकै पछाडि भएको सत्य हो । त्यसैले, आशावादी पंक्ति देश बिस्तारै बन्दै गएको तर, गति लिन नसकेको निष्कर्ष निकाल्छन् । तथ्यहरुले पनि त्यसै भन्छ । यसले समाजको सवैभन्दा तल्लो तहमा रहेका वर्गले राज्यको अनुभूति गर्न पाएका छैनन् ।

तर, देशमा 'उधुमै विकास भइरहेको छ' भन्ने निष्कर्षसँग भने सहमति भइहाल्न सकिदैन । यस्तो अनुभूति र दावी सिंहदरबारका स्थायी सत्ता अनि जनमतको जगमा अस्थायी सरकारको नेतृत्वमा पुग्नेहरुले मात्रै गर्न सक्छन् । त्यो पनि आफ्नो सत्ता जोगाउन मात्रै हो । अहिले पनि यो सत्तालाई बचाउने काम समाजका सवैभन्दा तल्लो तप्का (जसले खाडी मुलुकमा पसिना र रगत बगाएर होओस् अथवा देशमा श्रम बेचेर) ले गरिरहेका छन् । यी तप्काको पीडा सत्ताले बुझ्न नसक्दा नै परिवर्तनको अनुभूतिले आम रुप लिन सकिरहेका छैनन् । गणतन्त्र पनि मुठ्ठीभरलाई स्वर्ग भइरहेको छ ।

ती मुठ्ठीभरलाई संघीयता, गणतन्त्र, सुशासन, समावेशिता, धर्म निरपेक्षता जस्ता शब्दहरुप्रति ज्यादै अरुचि देखिन्छ । तर, भुल्नै नहुने तथ्य भनेको देशमा हरेक क्षेत्रप्रति आशा गर्नेहरुको पंक्ति अहिले पनि विशाल छन् । जसको आशामा लगातार निराशा थप्ने हो भने प्राप्त उपलब्धी माथि नै थप खतरा हुन सक्छ । किनभने, संसारका दिग्गज विद्वानहरु भन्छन्, -'लोकतन्त्रको खतरा स्वयम् लोकतन्त्रबाटै हुन्छ ।'

सँगै, २५० वर्षे राजशाही, १०४ वर्षे जहानीय निरङ्कुश राणातन्त्र र ३० वर्षे पञ्चायतको कालरात्रि तोड्दै स्थापित गणतन्त्र नेपालमा पहिलो पटक पाँच वर्षे सरकार चलाउने म्याण्डेट पाएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई देश बनाउने अवसर पनि छ । ●






१७ औं वार्षिक विशेषाङ्क



# आशा र अवसर

# शुभकामना सन्देश



प्रधानमन्त्री

काठमाडौं नेपाल

## शुभकामना

[illegible]

केपी शर्मा ओली

[illegible] माघ, २०७६



## नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

### शुभकामना

काठमाडौंबाट प्रकाशित मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशनको १७ वर्ष पुरा गरी १८ औं वर्षमा प्रवेश गरेको जानकारी पाउँदा खुसी लागेको छ । निष्पक्ष तथा विश्वासनीय पत्रकारिताका माध्यमबाट यस राष्ट्रिय दैनिकले संविधानप्रदत्त नेपाली जनताको सूचनाको हकको संरक्षण गर्नुका साथै जनतालाई सुसूचित गर्दै नेपाली समाजको रुपान्तरणमा खेलेको भूमिका प्रशंसनीय छ ।

राष्ट्रको समग्र आर्थिक विकास, वैदेशिक रोजगार, सुशासन लगायतका पक्षमा संप्रेषण गर्ने समाचार सामग्रीले राष्ट्रिय महत्वका विविध विषयमा प्रत्यक्ष वा परोक्ष सम्बन्ध राखेको हुन्छ ।

आम जनताका आवाज मुखरित गर्ने कार्यमा मध्यान्ह राष्ट्रिय दैनिक पूर्ण रुपमा सफल हुने विश्वासका साथ यस दैनिकको १८ औं वर्ष प्रवेशको अवसरमा पूर्ण सफलताको कामना व्यक्त गर्दछु ।

१३ माघ, २०७६

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष

## नेपाली कांग्रेस

केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

माघ ७, २०७६

### शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो प्रकाशनको १७ वर्ष पूरा गरी १८ औं वर्षमा प्रवेश गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

[illegible]

अनलाइन पोर्टल www.madhyanhadaily.com र फेसबुक पेज Madhyanha News मार्फत [illegible]

शेरबहादुर देउवा
सभापति

## राष्ट्रिय जनता पार्टी नेपाल

केन्द्रीय कार्यालय
[illegible], काठमाडौं, नेपाल
Website: [illegible] E-mail: info@rjpnepal.org.np

२०७६-१०-१३

### शुभकामना !

[illegible]

डा. महेन्द्र राय यादव
संयोजक

## नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

### शुभकामना

[illegible]

धन्यवाद ।

गोकुल प्रसाद बाँस्कोटा
मन्त्री

## प्रेस काउन्सिल नेपाल

मिति : २०७६/१०/०६

श्री मध्यान्ह दैनिक,
काठमाडौं ।

### विषय : शुभकामना सन्देश ।

[illegible]

मध्यान्ह दैनिकको अनलाइन संस्करण www.madhyanhadaily.com [illegible]

किशोर श्रेष्ठ
कार्यवाहक अध्यक्ष
प्रेस काउन्सिल नेपाल

## नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति, मिडिया भिलेज, काठमाडौं, नेपाल

Ref No. :

### शुभकामना

[illegible]

यो दैनिकले www.madhyanhadaily.com अनलाइन पोर्टल र फेसबुक पेज Madhyanha News [illegible]

गोविन्द आचार्य
अध्यक्ष

Headquarters, Media Village, Kathmandu, Nepal



आशा र अवसर

# कसरी बनाउने सुदूरलाई सुन्दर ?



कृष्णसिंह धामी

सुदूरपश्चिम प्रदेश विकासको दृष्टिकोणले पछि छ। गरिबी, अशिक्षा तथा विकास निर्माणले फड्को मार्न नसक्दा सुदूरपश्चिम प्रदेश अरू प्रदेशको तुलनामा पछि छ। धेरै जनसंख्या गरिबीको दलदलमा फसिरहेका छन्। राज्यले सौतेनी व्यवहार गर्ने गरेको आरोप सुदूरपश्चिम प्रदेशबासीको छ। हामी सधैं यस्तै कुरालाई केलाउँदै हिडिरहेका हुन्छौं। तर, यस्तो पीडाबाट छुट्करा पाउँन त हामीले नै केही न केही गर्नैपर्छ।

यसको लागि सुदूरपश्चिम प्रदेशमा विकासको मुल फुटाउनुपर्छ। त्यसका लागि स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकार मात्र नभइ त्यस क्षेत्रमा बासिन्दाको पनि उत्तिकै भूमिका रहन्छ। प्रशस्तै पर्यटकीय सम्भावना बोकेको सुदूरपश्चिमलाई कसरी कमजोर मान्ने ? यहाँ पर्यटकीय मात्र नभएर धार्मिक तथा सांस्कृति सम्पदाहरूको निकै राम्रो सम्भावना छ। यहाँ कमी छ त केवल प्रचार प्रसारको।

यस प्रदेशका प्रमुख नदीहरुमा सेती नदी र महाकाली हुन। अन्य सहायक नदीहरूमा चमेलीया, बुढीगंगा, दरगंगा, सुर्नाया, ढिकगाड, होपरीगाड, रंगुन, डोटेली गाड, स्पालगाड, खुवटया, मोहना, श्चशसैया, बानरा आदि छन्। यस्ता नदीहरूबाट प्रशस्त मात्रामा विद्युत उत्पादन गर्न सके छिमेकी मुलुकलाई बेचेर मात्रै अर्बौंको आम्दानी गर्न सकिन्छ। बिजुली बेचेरै सुदूरपश्चिम प्रदेशलाई समृद्ध प्रदेश बनाउन सकिन्छ।

त्यस्तै यस प्रदेशमा प्राकृतिक तालहरू पनि छन्। जसले गर्दा पर्यटकीय सम्भाव्यता बढाउँछ। प्रमुख तालहरुमा कैलाली जिल्लाघोडाघोडी ताल विश्व सम्पदा सूचीमा सूचिकृत सिमसार क्षेत्रको रुपमा परिचित हुनुका साथै धार्मिक दृष्टिकोणबाट समेत प्रसिद्ध छन्। त्यस्तै कञ्चनपुरमा झिलमिला ताल, बेदकोट ताल, डडेल्धुरामा आलीताल तथा डोटीमा छतिवन ताल पनि प्रख्यात छन्। डोटी, अछाम, बझाङ र बाजुरा जिल्लाको बिचमा रहेको खप्तड ताल छन्। यस्ता तालहरू संरक्षण तथा प्रचार प्रसार गर्न सके पर्यटकीय आकर्षण पनि गराउन सकिन्छ।

यस प्रदेशमा थुप्रै धार्मिक स्थलहरु पनि छन। जसमध्ये डोटीको खप्तड, अछामको रामारोशन, बाजुराको बडीमालिका, बझाङको तपोवन, ऋषिकुण्ड र सुर्मासरोबर, बैतडीको रौलाकेदार र सिगास, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार र हुनैनाथ, कैलालीको बेहडाबाबा आदि छन्। यी धार्मिक स्थलहरू प्रचार प्रसारको अभावमा



ओझेलमा परेका छन्। तर, पछिल्लो समय स्थानीय तह र प्रदेश सरकारले सक्रियता देखाइरहेका छन्। जसका कारण अबको केही वर्षभित्रमै सुदूरपश्चिम प्रदेशको विकासलाई टेवा पुऱ्याउनेछ।

सुदूरपश्चिम प्रदेश धार्मिक सम्पदाहरूले निकै धनी छ। यहाँका मौलिक सम्पदालाई विश्वसामू चिनाउँन सके समृद्ध प्रदेश बन्नमा समय लाग्दैन। यस क्षेत्रका प्रमुख मन्दिरहरूमा बाजुराको बडीमालिका, बझाङमा सुर्मादेबी, जल्फादेबी, मष्टा र दुर्गा, दार्चुलाको मार्लकार्जुन, लटीनाथ, गल्लाकेदार, बैतडीको त्रिरपुरासुन्दरी, निङ्गलासैनी, जगन्नाथ, ईश्वरी गंगाधाम, कृष्णमन्दिर, महारुद्र, मेलौली भगवती, ग्वालेक केदार र राताशिला, डडेल्धुराको उग्रतारा, भागेश्वर, घण्टेश्वर, डोटीघटाल र बेताल, अछामको बैजनाथ, बर्मादेवी, डोटीको शैलेश्वरी, केदार, लानाकेदारेश्वर, कञ्चनपुरको सिद्धनाथ, बैजनाथ र विष्णु मन्दिर, कैलालीको गोदावरी, वनदेवी, बेंहणा बाबा तथा नैनादेवी पर्दछन्। अहिले आन्तरिक पर्यटकहरूले मात्र अवलोक गर्दै आएका छन्। यिनीहरूको प्रचार प्रसारमा जोड दिने हो विदेशी पर्यटकलाई भित्र्याउन सकिन्छ।

सुदूरपश्चिम धार्मिक मात्र नभएर पर्यटकीय दृष्टिकोणले पनि निकै धनी छ। यस क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरूमा खप्तड, बुढीनन्दा देवी, शुक्लाफाँटा, सुर्मासरोबर ताल, महाभारतपर्वत, घनघश्यालेक, भेल्छडा, पाताल भुमेश्वर, रौलाकेदार, घोडाघोडी ताल, अजयमेरुकोट, आलीताल, बेतकोट, व्यास हिमाल, सैपाल हिमाल, बडीमालीका, मेलौली भगवती, उग्रतारा मन्दिर, टिकापुर पार्क, अपि हिमाल, रामारोशन क्षेत्र, दोधाराचादनी झोलुङ्गे पुल, कर्णाली पुल आदि पर्दछन।

यी क्षेत्रहरूमा पनि अहिले आन्तरिक पर्यटक मात्र आउने जाने गरेका छन्। विदेशी पर्यकटलाई पुऱ्याउँन सडक सुविधा, स्तरीय होटल तथा अन्य सेवा सुविधाको विस्तार गर्नुपर्ने हुन्छ। त्यसका लागि सबैभन्दा पहिला विकास निर्माणमा क्रान्ति गर्नुपर्ने देखिन्छ।

न्यून मात्रामा रहेको औधोगिक क्षेत्रलाई विस्तार गर्न सकेमा सुदूरपश्चिम प्रदेशले आर्थिक क्रान्तिमा फड्को मार्न सक्छ। सुदूरपश्चिम प्रदेशको दुई तिर भारत र एक सीमामा चीन पर्छ। त्यसका कारण पनि दुवै देशसँग सबैभन्दा नजिक सुदूरपश्चिम प्रदेश पर्छ।

भारतसँग रहेको पश्चिमी गड्डाचौकी भन्सार नाका खोल्नुपर्ने देखिन्छ। अहिले महाकाली नदीमा चार लेनको पक्की पुल बन्दैछ। त्यो पुल निर्माण भएमा भारतसँगको व्यापारमा निकै लाभ लिन सकिन्छ। भारतको औद्योगिक क्षेत्र बरेली, सितारगञ्ज लगायतका क्षेत्र नजिक पर्ने हुँदा व्यापारमा सहजता हुनेछ। त्यस्तै भारतको राजधानी नयाँ दिल्ली पनि सबैभन्दा नजिक पर्छ। सुदूरपश्चिम प्रदेशको महेन्द्रनगरबाट दिल्ली ३४५.२ किलोमिटरको दूरीमा पर्छ, भने नेपालको राजधानी काठमाडौं ७०३.६ किलोमिटरको दूरीमा पर्छ। यस हिसावले पनि सुदूरपश्चिम प्रदेशको भारतसँग व्यापारमा निकै सहज हुनेछ। त्यसको लागि सुदूरपश्चिम प्रदेशको औद्योगिक क्रान्तिको आवश्यकता छ।

जलविद्युत उत्पादन सम्भावनाका हिसावले सबैभन्दा धनी रहेको सुदूरपश्चिम प्रदेश उत्पादनका हिसावले भने सबैभन्दा गरिव छ। स्वतन्त्र उर्जा उत्पादहकहरूको संस्था नेपाल (इपान) को तथ्यांक अनुसार १८ हजार १ सय ४९ मेगावाट जलविद्युत उत्पादन गर्नसक्ने सम्भावना रहेको यस प्रदेशमा जम्मा ४१ दशमलव ८ मेगावाट मात्र जलविद्युत उत्पादन भएको छ। नेपालको कुल जलविद्युतको सम्भाव्यतामध्ये सुदूरपश्चिममा २२ प्रतिशत रहेको छ।

सुदूरपश्चिममा बृहत् कर्णाली चिसापानी आयोजनाको क्षमता १० हजार ८ सय, पञ्चेश्वर आयोजनाको क्षमता ६ हजार ८ सय, पश्चिम सेतीको आयोजनाको क्षमता ७ सय ५० र एसआर सिक्स आयोजनाको क्षमता ६ सय ५२ मेगावाट रहेको छ। यी आयोजना निर्माणको विषय वर्षौंदेखि उठे पनि कुनै पनि प्रक्रिया अगाडि बढ्न सकेको छैन।

सुदूरपश्चिम प्रदेशका ८९ मेगावाट क्षमताका ९ जलविद्युत आयोजना निर्माण भइरहेका छन् भने ५४ मेगावाटका ६ आयोजना विद्युत खरिद सम्झौता भई निर्माणको चरणमा छन्। त्यस्तै, ३ हजार ६ सय १४ मेगावाटका २० आयोजना अध्ययनका चरणमा छन् भने १ सय ६ मेगावाटका चार आयोजनाको सरकारले अध्ययन गरिरहेको छ। पछिल्लो समय सुदूरपश्चिममा जलविद्युत उत्पादनका लागि निजी क्षेत्र आकर्षित भइरहेको छ। तर, कानुनी जटिलता र लामो प्रक्रियाका कारण लगानी भित्रिन सकिरहेको छैन्। त्यसको लागि कानूनी प्रक्रियालाई सहज बनाइनुपर्ने हुन्छ।

सुदूरपश्चिम प्रदेशमा एक मात्र राष्ट्रिय निकुञ्ज शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कञ्चनपुरमा अवस्थित छ। नेपालको पश्चिमी तराईमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीहरूको बासस्थानका लागि यो निकुञ्जलाई विशेष मानिन्छ।

यो निकुञ्ज बाह्रसिंगाको लागि प्रसिद्ध छ। सन् २०१४ मा यस निकुञ्जमा दुई हजार तीन सय एक वटा बाह्रसिंगा गणना गरिएको थियो। यो निकुञ्ज जंगली हात्तीका लागि पनि उत्तिकै प्रख्यात छ। यहाँ करिब २०-२५ वटा जंगली हात्ती छन्। सन् २०१७ को गणना अनुसार यस निकुञ्जमा एकसिंङ्गे गैडाको संख्या १६ वटा रहेको छ भने सन् २०१८ मा गरिएको गणना अनुसार यस निकुञ्जमा बाघको संख्या १६ छ।

जंगली हात्ती, पाटेबाघ, चितुवा, घोडगधा, बाह्रसिंगा, जरायो, चित्तल, लगुना जस्ता स्तनधारी जनावर यस निकुञ्जका प्रमुख वन्यजन्तु हुन्। त्यस्तै रानी ताल तथा अन्य स-साना तालहरूमा मगर गोहीहरू प्रशस्त पाइन्छन् भने रैथाने र बसाई सरी आउने गरी ४२४ भन्दा बढी चराचुरुङ्गीहरू पाइन्छन्। वन्यजन्तु अवलोकनका लागि यो निकुन्ज स्वर्ग मानिन्छ।

समृद्ध तथा सुन्दर सुदूरपश्चिम निर्माणका लागि शिक्षा तथा स्वास्थ्यमा पनि विशेष ध्यान दिनुपर्ने हुन्छ। महेन्द्रनगरमा रहेको सुदूरपश्चिम विश्वविद्यालय लथालिंग अवस्थामा छ। सुदूरपश्चिमाञ्चल विश्वविद्यालयलाई गुणस्तरीय शिक्षा आर्जन गर्ने थलोको रुपमा विकास गर्न सके शिक्षाको ठूलो क्रान्ति हुन्छ। त्यसका लागि व्यवस्थापनदेखि प्राविधिक शिक्षामा जोड दिनुपर्ने हुन्छ।

त्यस्तै सुदूरपश्चिम प्रदेशमा रहेका अस्पतालहरूलाई अत्याधुनिक सुविधासम्पन्न बनाउनुपर्ने हुन्छ। अहिलेसम्म सुविधासम्पन्न अस्पताल नहुँदा भारतीय सहरहरूमा महंगो शुल्क तिरेर उपचार गराउन बाध्य भइरहेका छन्। त्यस्तै नेपालगञ्ज, काठमाडौं लगायत ठाउँमा बिरामीको उपचार गराउनुपर्ने बाध्यता पनि त्यस क्षेत्रका बासिन्दाले भोग्दै आएका छन्।

यो समस्या समाधानका लागि सुदूरपश्चिम प्रदेशमा अत्याधुनिक सुविधासम्म अस्पताल निर्माण गर्नुका साथै अहिले स्थापित अस्पतालहरूलाई पनि सुविधासम्पन्न बनाउनुपर्छ। त्यस्तै कैलालीको गेटामा सञ्चालनमा आउने तयारीमा रहेको मेडिकल कलेजलाई चाडो भन्दा चाडो सञ्जालमा ल्याउनुपर्ने हुन्छ। जसबाट पनि सुदूरपश्चिम क्षेत्रका अस्पताललाई आवश्यक पर्ने चिकित्सक उत्पादन हुन्छन। र अहिले देखिएको स्वास्थ्य समस्या कम गर्न सकिन्छ।

यसरी समग्र सुदूरपश्चिम प्रदेशको विकासका लागि त्यही क्षेत्रमा भइरहेको स्रोत साधनको प्रयोग गर्न सके केही वर्षभित्रमा सुन्दर सुदूरपश्चिम बन्नेमा कुनै शंका छैन्। ●

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं।
Yacca
याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.
परिवार
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, फोन: ४४३२१११

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
राज ग्रुप अफ कम्पनी प्रा.लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन : ५९०३५५०, ५९०३६६०

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं।
लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
परिवार
स्वयम्भु-१५, काठमाडौं, नेपाल
फोन: ४२८२३००, ४२८२३०३

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी प्रवासी नेपाली, वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
खगेन्द्र न्यौपाने
उप संयोजक
तथा
गैर आवासीय नेपाली संघ
एसिया प्यासिफिक क्षेत्र

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक
१७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
मध्यान्ह राष्ट्रिय दैनिक १७औं वर्षमा प्रवेश
भानु शिवाकोटी
अध्यक्ष
टिका शिवाकोटी (आदर्श)
प्रवन्ध निर्देशक
तथा
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
परिवार
सामाखुशी, काठमाडौं, फोन : ४३८७२०७, ४३५५०६५

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं।
राजेश गौतम
प्रवन्ध निर्देशक
तथा
गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
परिवार
सुबिधानगर, तिनकुने-३५, काठमाडौं, फोन: ५११२०२८

# स्मार्ट युग

नयाँ आविष्कार तथा आधुनिक प्रविधिको माध्यमबाट प्राविधिक वृद्धि त त्यसमाथि पुरातन शैलीलाई परिवर्तन गरिदिएको छ । जसले समय, खर्चसमेत कम गरिदिएको छ । पशुहरूका माध्यमबाट हुँदै आएको गाह्रो कामलाई मेसिनले विस्थापित गरिदिएको छ ।



**नारायण न्यौपाने**

हिजोआज निकै स्मार्ट समाज (सोसाइटी) को अवधारणाका बारेमा सुन्ने गरिन्छ । केही वर्षअघिसम्म 'ई' शब्द प्रायः सबै विकासका क्षेत्रहरूका अगाडि लगाउने गरिन्थ्यो र अझसम्म पनि यो प्रचलन कायमै छ, जस्तै : ई-सोसाइटी, ई-कृषि, ई-सेवा, ई-हेल्थ, ई-शिक्षा आदि । हिजोआज भने 'स्मार्ट' जन्य शब्दहरू बढी प्रचलित हुँदैछन्, जस्तै : स्मार्ट घर, स्मार्ट सहर, स्मार्ट समाज आदि । स्मार्ट घर, सहर, समाज बिस्तारै राजनीतिक एजेन्डाका रूपमा समेत विश्वव्यापी प्रचलित बन्दैछन् । नेपालमा पनि स्मार्टसिटी, स्मार्टपालिका, स्मार्ट सोसाइटीका नामले चर्चा बटुल्दै छन् । यसैलाई मध्यनजर गर्दै स्मार्ट समाज (सोसाइटी) कसरी सम्भव छ भन्ने विषयलाई केही चिरफारको प्रयत्न गरिएको छ ।

संसारमा जनसंख्या वृद्धिदर बढ्दो छ । अहिले विश्वको जनसंख्या ७.६ अर्ब अनुमान गरिएको छ र सन् २०५० मा ९.८ अर्ब पुग्ने अनुमान छ । साइबर क्राइम पत्रिकाको सर्वेक्षणअनुसार २०२५ सम्म जम्मा ६ बिलियन मानिसको पहुँचमा इन्टरनेट पुग्नेछ । यो संख्या पृथ्वीको कुल जनसंख्याको ७५ प्रतिशत हो । यो आँकडाअनुसार २०३० सम्ममा ७.५ अर्ब अर्थात् ९० प्रतिशतको पहुँचमा इन्टरनेट पुग्नेछ । नेपालकै सन्दर्भमा पनि जनसंख्या वृद्धिदर बढ्दो छ । यसैगरी इन्टरनेट प्रयोगसमेत बढ्दो छ । नेपाल टेलिकमको गत वर्षको आँकडा हेर्ने हो भने ६३ प्रतिशत जनतामा इन्टरनेट पहुँच पुगेको छ र यो संख्या हरेक महिना बढ्दो छ । २०२५ सम्म नेपालमा पनि ८० प्रतिशतभन्दा बढी जनतामा इन्टरनेट पहुँच पुग्नेछ । यो त भयो इन्टरनेटको कुरा, त्यस्तै बसाइँसराइको अवस्था हेर्ने हो भने पनि मानिसहरू सहरमा केन्द्रित बन्ने, अलि सुविधासम्पन्न ठाउँमा बसाइँ सर्ने प्रचलन छ ।

**मूलतः** सूचना-सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी जनताको रहनसहनमा सहयोग पुऱ्याएको समाज नै स्मार्ट सोसाइटी हो । स्मार्ट समाज स्थापनाका लागि तीन मुख्य विषयमा ध्यान हुनुपर्छ । अन्ततोगत्वा स्मार्ट समाज स्थापनापश्चात् यिनै विषय मजबुत भएर पनि आउँछन् । ती हुन्, जनताको स्वास्थ्य, सुख र खुसी, मजबुत अर्थतन्त्र र कार्यपालिकाको प्रभावकारिता तथा पारदर्शिता । समाजका विभिन्न क्षेत्रमा सूचना-सञ्चार प्रविधिको अन्तर्क्रियात्मक तरिका प्रयोग गरी साधनस्रोतको उच्चतम प्रयोगद्वारा अनावश्यक खर्च र एकत्रित आयातलाई कम गर्नु स्मार्ट समाजको उद्देश्य हुने गर्छ । स्मार्ट समाजका केही आधार यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

ऊर्जा : आधुनिक सहर भनौं वा मानव जीवन नै विभिन्न किसिमका ऊर्जामा निर्भर छ । आईओटीद्वारा स्वचालित स्मार्ट ग्रिड र ब्याट्रीको उच्चतम सञ्चय गरेमा यसको सहयोगबाट स्मार्ट समाजमा ऊर्जाको वितरण तथा सञ्चय गर्न सकिन्छ । लाइट, ऊर्जाबाट सञ्चालित यातायातका साधनको प्रयोगमा प्रविधिको प्रयोग गरी ऊर्जाको प्रयोग गर्नाले स्मार्ट समाज निर्माणमा सहयोग पुग्छ ।

**यातायात** : यातायात अहिलेको समाज निर्माणमा एकदमै महत्वपूर्ण साधन हो । तर, यस्ता साधनबाट सडक निर्माणका कारण जमिन बढी नै प्रयोग भएका छन् । वातावरणीय प्रदूषणको कारक सवारीसाधन भएका छन् भने मानव जीवनमा कुल खर्च बढाइरहेका छन् । यसको प्रयोगबाट हुने नकारात्मक कुराभन्दा बढी यसको प्रयोग गर्नु अतिआवश्यकीय साधन बनेको छ । स्मार्ट सोसाइटीका लागि स्मार्ट प्रविधिको यातायात क्षेत्रमा सकारात्मक प्रभाव हुने गर्दछ । सूचना-सञ्चार प्रविधिको प्रयोग माथि उल्लिखित ऊर्जाको प्रयोग, प्रदुषण, खर्च लगायत कम गर्न सकिन्छ ।

सामुदायिक सुरक्षा : सुरक्षाकै कारण मानव जीवन असामान्य बन्दै गएको छ । मानिसबाटै सुरक्षामा चुनौती थपिँदैछ, साथै यसबाट समाज आक्रान्त छ । घर, व्यवसाय, सडक, कार्यालयहरूमा सिसिटिभीको प्रयोग, विभिन्न खाले सुरक्षाका उपकरणहरू मोबाइल एपहरूको प्रयोग पनि बढ्दो छ । समाज निर्माणमा सामुदायिक सुरक्षा निकै महत्वपूर्ण विषय हो । स्मार्ट समाज निर्माणका लागि समेत सूचना सञ्चार प्रविधिको प्रयोग गरी सामाजिक सुरक्षालाई टेवा पुऱ्याउने खालका क्रियाकलाप हुन जरुरी छ ।



**शिक्षा** : स्मार्ट समाजको एउटा मापदण्ड शिक्षा पनि हो । शिक्षित समाज स्मार्ट समाजको आधार हो । स्मार्ट समाज निर्माणका लागि डिजिटल दूरी कम हुनुपर्छ । शिक्षित समाजले मात्र डिजिटल दूरी कम हुने गर्छ । शिक्षामा प्रविधिको प्रयोगका साथै प्रविधिक शिक्षा पनि स्मार्ट समाजका लागि आवश्यक हो । कक्षाकोठामा मात्र प्रविधिको प्रयोग गरेर होइन, समग्र शिक्षा प्रणालीमा स्मार्ट प्रविधिहरूको प्रयोग गरिनुपर्छ ।

**स्वास्थ्य** : स्वास्थ्य क्षेत्र पनि प्रविधिमै आधारित भएकाले जनस्वास्थ्य क्षेत्रमा प्रविधिको सकारात्मक प्रभाव परेको छ । यसको प्रयोगले लगानीसमेत घटाएको छ । टेलिमेडिसिनको प्रभावले स्वाथ्यको पहुँच दूरदराजसम्म फैलाउन सम्भव छ । स्वास्थ्यसँग सम्बन्धित विभिन्न सफ्टवेयर तथा मोबाइल एप र व्यक्तिगत उपकरणहरूले आफ्नो स्वास्थ्यस्थितिमा राम्रै सहयोग गरिराखेका छन् भने स्मार्ट समाज निर्माणमा जनस्वास्थ्यलाई केन्द्रमा राखि स्मार्ट प्रविधि र डाटाको प्रयोगवाट, व्यक्तिको अन्तर्क्रियात्मक तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

**रोजगारी तथा आविष्कार** : आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का माध्यमले पुराना कामलाई विस्थापित गर्दै गइरहेको अवस्थामा सूचना-सञ्चार प्रविधिका कारण रोजगारी घटेको भन्ने पनि छ । तर, वास्तविकता त्यसो नभई आधुनिक प्राविधिक क्षेत्रमा रोजगारीका नयाँ विधा थपिएका छन् । नयाँ आविष्कार तथा आधुनिक प्रविधिको माध्यमबाट प्राविधिक रोजगारिमा वृद्धि त भएकै छ, त्यसमाथि पुरातन शैलीलाई परिवर्तन गरिदिएको छ । जसले समय, खर्चसमेत कम गरिदिएको छ । मानिसले पशुहरूका माध्यमबाट गर्दै आएको गाह्रो कामलाई मेसिनले विस्थापित गरिदिएको छ । डेलोइट कम्पनीले गरेको इंग्ल्यान्ड र वेल्सको विगत १४० वर्षको तथ्यांकको अध्ययनबाट प्रविधिका कारण जति रोजगारी घटाएको छ, त्योभन्दा बढी नयाँ रोजगारीको सिर्जना गरेको पुष्टि गरेको छ ।

आधारभूत आवश्यकता : स्मार्ट समाजका लागि त्यहाँको पर्यावरण तथा पानी निकै महत्पूर्ण रहन्छ । प्रविधिको प्रयोग गरी आधारभूत वस्तुहरूको वितरण तथा आपूर्ति स्मार्ट समाजका लागि अति आवश्यक छ । गुणस्तरको प्रत्याभूति, पानीलगायतका लागि प्रविधिको प्रयोग पनि स्मार्ट समाज स्थापनाका लागि आवश्यक तत्वहरू हुन् । गाँस, बास, कपासजस्ता विषयलाई प्रविधिकै प्रयोगमार्फत पूर्ति गर्नु नै स्मार्ट समाजको आधार हो । प्रविधिलाई केन्द्रमा राखेर हेर्दा, तीन मुख्य विषयहरू इन्टरनेट अफ थिङ्स, विग डाटा, नेटवर्क तथा कनेक्टिभिटीको सम्मिश्रणबाट स्मार्ट सोसाइटीका लागि आधार तयार हुन्छ ।

**इन्टरनेट अफ थिङ्स**

आईओटी भनेर चिनिने इन्टरनेट अफ थिङ्स, सूचना सञ्चार प्रविधि क्षेत्रमा निकै सुनिन्छ । यो एउटा एकत्रित प्रणाली हो, जसमा कम्प्युटर वा कम्प्युटरजन्य उपकरणमात्र नभई विद्युतीय सामग्रीहरू, वस्तुहरू, जनावर तथा मानिससमेत अन्तरसम्बन्धित भई छुट्टै पहिचान बनाएका हुन्छन्, जसले नेटवर्क तथा कनेक्टिभीटीको माध्यमबाट डाटा मानव तथा कम्प्युटर वा मानव-मानवबीच सम्प्रेषण गरिन्छ ।

**बिग डाटा**

बिग डाटा अत्यन्त ठूला एकै किसिमका डाटाहरूको भण्डार हुन् । कम्प्युटरको माध्यमबाट डाटाको तौरतरिका, यसका अन्तरसम्बन्धहरू खासगरी मानिसका बानीव्यवहार र अन्तरक्रियाका आधारबाट मात्र यसको अध्ययन तथा केही खास निर्णय लिने वा गर्न सकिन्छ । स्मार्ट सोसाइटीमा सही निर्णयहरू केवल डाटाको सही अध्ययनले मात्र हुने गर्छन् । हिजोआज प्रविधिका लागि गरिने ठूला लगानी डाटाको भण्डारणलाई व्यवस्थापन तथा परिष्कृत गर्नमा हुने गर्छन् ।

**नेटवर्क तथा कनेक्टिभिटी**

नेटवर्क तथा कनेक्टिभिटी, स्मार्ट सोसाइटीका लागि अर्को महत्वपूर्ण पूर्वाधार हो । नेटवर्क तथा कनेक्टिभिटी भन्नाले नेटवर्क उपकरणहरूको माध्यमबाट कम्प्युटर वा कम्प्युटरजन्य उपकरणहरू एक-आपसमा जोडिएर डाटाको आदानप्रदान गरिराखेका हुन्छन् । हाम्रो दैनिक जीवनमा प्रयोग हुने अथवा जानेसुनेका जस्तै मोबाइल नेटवर्क, इन्टरनेट, वाइफाइ नेटवर्क तथा कनेक्टिभिटीका केही उदाहरण हुन् ।

विकासका क्षेत्रहरूमात्र नभई समाजमा भएका नैतिक मूल्य, मान्यता, नीतिनियम, सांस्कृतिक गतिविधि र कानुनकै आधारहरूलाई नै स्मार्ट सोसाइटीका लागि चाहिने मान्यताहरूको रूपमा लिन सकिन्छ, जसले वास्तविक समाजलाई निर्देशित गर्छ । नैतिकता कायम राख्नकै लागि नीतिनियम, कानुनहरू चुस्तदुरुस्त हुने गर्छ, जसका आधारमा स्वतन्त्र तरिकाले बाँच्ने आधारसमेत बन्ने गर्छ । समाजले जनता बनाउने होइन कि जनता मिलेर समाज बन्ने गर्छ । जनघनत्वको व्यवस्थापन र आत्मनिर्भरका साथै न्याय, शान्ति, जनअधिकार, सामाजिक सुरक्षाजस्ता विषयहरू स्मार्ट समाजका मान्यताहरूमा पर्ने गर्छन् ।

झट्ट हेर्दा स्मार्ट सोसाइटी सजिलै बन्छ जस्तो देखिए पनि यो निर्माणका लागि राजनीतिक इक्षाशक्ति धेरै नै चाहिन्छ । स्मार्ट समाज निर्माणमा केही प्राविधिक चुनौती पनि छन् । स्मार्ट समाज निर्माणको सुरुवातदेखि नै साइबर सुरक्षाजस्ता विषयहरूलाई योजनाबद्ध तरिकाले प्रयोग तथा अवलम्बन गर्दै जानुपर्छ । विज्ञ प्रविधिकहरूको परामर्श तथा स्मार्ट सोसाइटीका विभिन्न आयामलाई समयानुकूल प्रयोग तथा प्रवर्द्धन पनि जरुरी छ । नयाँ प्रविधिहरूको सोच बनाउने विचारहरूलाई समाजमा स्थान दिनुपर्छ तथा विचारहरूको प्रवर्द्धनसमेत गर्नुपर्छ, नयाँ प्रविधि र सोचहरूको समयानुकूल प्रयोग गर्नुले स्मार्ट सोसाइटी निर्माणमा टेवा पुग्छ ।

विकसित देशका ठूला सहरहरू कसरी स्मार्ट प्रविधिको प्रयोग गरिरहेका छन् भनी उदाहरण लिन सकिन्छ भने स्मार्ट सिटी स्मार्ट समाजको एक सानो हिस्सामात्र हो । जनता, सरकार, व्यावसाय, संघसंस्थाहरू एक-आपसमा जुटेर बृहत्तर रूपमा काम गरी आवश्यकताहरूको सहयोगी बनी प्रविधिमा आधारित सेवासुविधा दिने गर्छन् । यसकारण स्मार्ट तथा सुरक्षित समाज निर्माण गर्नुमा दुनियाँको ध्यान केन्द्रित भएको छ, हामीले यसलाई नपच्छचाई सुखै छैन । अबको विकासको बाटो समात्न हामी कहाँसम्म स्मार्ट सोसाइटी तथा सहरहरूको निर्माणका तयारीमा छौं भन्ने नै मुख्य विषय हो । ●

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
AL HAYA
अल हाया एच.आर. सोलुसन प्रा. लि.
परिवार
शान्तिनगर, काठमाडौं, नेपाल
फोन: ४६२०२९५

विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
छविलाल भण्डारी
कार्यसमिति सदस्य
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
प्रेष्टिज एच.आर. शोलुसन प्रा.लि.
परिवार
सिनामंगल काठमाडौं. फोन: ४४८६८०४

नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सुवर्ण लामा
प्रबन्ध निर्देशक
तथा
रसुवा ओभरसिज प्रा. लि.
परिवार
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ४११२८०८, ४११२८०९

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन एवं विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सूर्य अधिकारी
अध्यक्ष
तथा
सन हिल्स ओभरसिज सर्भिसेज प्रा.लि.
परिवार
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ५९०४०५८

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश
सन्जु गुरुङ
प्रबन्ध निर्देशक
तथा
अल-करीम ह्युमन रिसोर्सेस प्रा.लि.
परिवार
जागृती मार्ग, महाराजगञ्ज-४, काठमाडौं, फोन : ४४२११०८

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मेघनाथ भूर्तेल
सचिव
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
निलकमल ग्रुप अफ कम्पनीज
परिवार
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं, फोनः ४११२७१३

# खाँचो प्रादेशिकरणको

## विद्युत् ऊर्जा सहजै रूपमा ८३ हजार मेगावाट उपलब्ध भएमा कुनै पनि प्रदेश मात्र होइन, नेपालमा नै औद्योगीकरणको सम्भावना बढेर जान्छ ।



ई. ज्ञानेन्द्रलाल प्रधान

> प्रत्येक प्रदेशमा जलविद्युत्को पूर्वाधार विकास गर्न करिब ५ सय मेगावाटका आयोजनाको छनोट गरी निर्माण गर्ने भए झन्डै जम्मा ३ हजार मेगावाटको थप विद्युत् ऊर्जा उपलब्ध हुन जान्छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ बजेटमा प्रत्येक प्रदेशमा एउटा ठूलो जलविद्युत् आयोजना निर्माण गर्ने उल्लेख गरिएको छ ।

जलविद्युत् र पर्यटनलाई मूल विकासको आधार बनाई कृषि तथा रोजगारलाई दिगो विकासको गतिमा राखेर मात्र नेपालको आर्थिक विकास सम्भव हुन्छ भन्ने कुरामा अत्युक्ति नहोला । जलविद्युत्लाई जल र बाढी नियन्त्रण, सिँचाइ तथा पिक पावर सप्लाइका लागि सराहनीय मानिन्छ । जलविद्युत् उत्पादन क्षमतामा नेपाल विश्वभरिमै अहिले पाँचौं स्थानमा छ । भरखरै मात्र संघीयतामा गएको नेपालको ७ वटा प्रदेशमध्ये प्रदेश २ बाहेक प्रत्येक प्रदेशमा प्रचुर मात्रामा जलस्रोतको विकासको सम्भावना छ। जलविद्युत् र पर्यटनलाई मूल विकासको आधार बनाई कृषि तथा रोजगारलाई दिगो विकासको गतिमा राखेर मात्र नेपालको आर्थिक विकास सम्भव हुन्छ भन्ने कुरामा अत्युक्ति नहोला।

जलविद्युत् नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ बजेटमा प्रत्येक प्रदेशमा एउटा ठूलो जलविद्युत् आयोजना निर्माण गर्ने उल्लेख गरिएको छ । जलविद्युत् विकासमा सर्वप्रथम पानीको उपभोगलाई प्रथम प्राथमिकता (स्टोरेज, पीआरओआर) मा राखी बेसिन जलविद्युत् विकास योजना बनाउन सके माथि उल्लिखित मेगावाटभन्दा झन्डै दोब्बर मेगावाट उत्पादन क्षमता हुने, पानीको उपभोगबाट कृषि उत्पादन, बाढी नियन्त्रणलगायतमा अतिरिक्त लाभ लिन सकिनेछ । साथै हाम्रो लागि आवश्यक ५४ लाख परिवारको खान पकाउन आयातित ग्यास र धूवाँ भएको वन पैदावर खपत गर्ने अवैज्ञानिक खाना बनाउने व्यवस्थालाई पनि स्वच्छ सफा विद्युत् ऊर्जाले क्रमशः प्रतिस्थापन गर्न सकिन्छ । तदारुकताका साथ काम गरेर सम्भाव्यता अध्ययन गरी लगानी समेत एक वर्षमा गर्न सके अर्को ५ वर्षमा जलविद्युत् आयोजना निर्माण सम्पन्न गर्न पनि सकिन्छ ।

प्रतिपरिवार चुलो १ किलोवाट विद्युत् खपत गरिने गरी ३० लाख चुलोलाई ग्यास र दाउरामुक्त मात्र गर्न सके ३ हजार मेगावाट विद्युत् बिहान-बेलुकी तत्काल खपत गर्न सकिन्छ । यसका लागि वितरण प्रणालीलाई पनि शुद्धीकरण तथा सुदृढीकरण गर्न आवश्यक छ । उपर्युक्त आयोजनाबाट वार्षिक १५ हजार गिगावाट पर आवर विद्युत् उत्पादन गर्न सकिनेछ। तत्कालीन उपभोक्ता मूल्यमा यो १ सय ८० अर्ब मूल्यबराबरको विद्युत् ऊर्जा उत्पादन हुन जान्छ। विद्युत् ऊर्जाको प्रयोगले यस अवस्थामा नै १ सय अर्बजतिको ग्यास सिलिन्डर आयात, २० अर्बजतिको विद्युतीय यातायातमा खपत हुने, पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन ५० अर्बजतिको तथा विद्युत् थप औद्योगिक उत्पादन वृद्धिमा र लाखौं घरमा धूवाँरहित चुलोको परिकल्पना गर्न सकिन्छ । लाखौं रूख कटानी हुनबाट रोकिने भएकाले यसबाट हरियाली तथा स्वच्छ वातावरणमा पनि विस्तार हुनेछ ।



**प्रदेश र जलस्रोत विकास**

प्रत्येक प्रदेशको प्रमुख समस्या भनेको ऊर्जाको उपलब्धता एकातर्फ हो भने यसबाट दैनिक मानव जीवनमा मात्र नभई नयाँ औद्योगिक स्थापनालाई पनि ठूलो नकारात्मक असर परेको छ । विद्युत् ऊर्जाबिना उद्योगको विकास असम्भव छ। विद्युत् ऊर्जा सहजै रूपमा ८३ हजार मेगावाट उपलब्ध भएमा कुनै पनि प्रदेश मात्र होइन, नेपालमा नै औद्योगीकरणको सम्भावना बढेर जान्छ । भारतको गुजरात राज्यमा प्रचुर उद्योग लाग्नु विद्युत् ऊर्जाको सहज उपलब्धता नै हो । विद्युत् ऊर्जामा कच्चापदार्थ आयात गर्नु नपर्ने हुनाले ग्रसभ्यालु एडिसन (लाभ) अन्य सेक्टरको लगानीको तुलनामा सर्वाधिक ९० प्रतिशतसम्म हुने हुनाले यसबाट प्राप्त आम्दानीले प्रदेशको पूर्वाधार विकास गर्न आवश्यक पर्ने अर्थ व्यवस्था सहज हुन्छ ।

प्रत्येक प्रदेशमा जलविद्युत्को पूर्वाधार विकास गर्न करिब ५ सय मेगावाटका आयोजनाको छनोट गरी निर्माण गर्ने भए झन्डै जम्मा ३ हजार मेगावाटको थप विद्युत् ऊर्जा उपलब्ध हुन जान्छ। प्रोजेक्ट निर्माण अवधि पछिसम्ममा नेपाल विद्युत् प्राधिकरणले लिन सकिने उपभोक्ता मूल्य . १२ रुपैयाँ प्रतियुनिट मूल्य हिसाबले यसबाट प्रत्येक प्रदेशले ३० अर्बसम्मको ग्रस आम्दानी गर्न सक्छ भने समग्रमा उत्पादन हुने विद्युत्ले १ सय ८० अर्बभन्दा बढीको आन्तरिक उत्पादनमा योगदान गर्दा नेपालको अर्थतन्त्रमा आर्थिक वृद्धिदर (जीडीपी) मा ५ प्रतिशत थप गर्दै १० प्रतिशत आर्थिक वृद्धिदर पुग्न सक्नेछ । यसबाट हाम्रा प्रत्येक प्रदेशले आर्थिक स्थायित्व प्राप्त गरी उद्योगलाई करमा छुट दिने प्रणाली विकास गरी बढीसे बढी उद्योगलाई लगानी आकर्षण गर्न सकिनेछ । साथै, विकास आयोजनाबाट केन्द्र सरकार र प्रदेश सरकारबीच गाढा सम्बन्धको विकास हुनुका साथै केन्द्र सरकारको ग्यारेन्टी सहयोगमा प्रत्येक प्रदेशमा पूर्वाधार विकास गर्न सकिने पनि हुन्छ ।

**वित्तीय व्यवस्थापन**

जलविद्युत्को विकासमा सस्तो ब्याजदरको ठूलो वित्तीय व्यवस्थापन सबैभन्दा चुनौती रहेको छ। स्वदेशी बैंकबाट १३ प्रतिशत ब्याजमा ऋण लिई निर्माण गर्दा आयोजनाको प्रतिफल न्यून रहन्छ भने १ प्रतिशत वा २ प्रतिशत ब्याज लामो अवधिका २५ वर्षे वैदेशिक ऋणले आयोजनाको प्रतिफल उच्च गरिदिन्छ । चीन सरकारको केल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत धेरै मुलुकले चीनबाट वित्तीय सहयोग लिएका छन्। पाकिस्तानले ६२ अर्ब डलर, बंगलादेशले २४ अर्ब डलरको सम्झौता गरिसकेका छन् भने नेपालले यो ऋण हालसम्म लिएका छैनौं ।

नेपालले पनि यसलाई आवश्यक वित्तीय ऋण बुझेर एक्सपोर्ट इम्पोर्ट (एक्जिम) बैंक आफ चाइना, एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआईआइबी), एक्जिम बैंक अफ इन्डिया, जापान इन्टरनेसनल कोअपरेसन एजेन्सी (जाइका), डिपार्टमेन्ट फर इन्टरनेसनल डिभलपमेन्ट (डीएफआईडी), बल्र्ड बैंक ग्रुप (डब्लूबीजी) वा एसियन डेभलपमेन्ट बैंक (एडीबी) आदि अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ५ हजार मेगावाट समग्रमा जलविद्युत् विकास गर्नका लागि १२ अर्ब अमेरिकी डलरबराबरको वित्तीय सहयोग ३० वर्षमा तिर्ने गरी सस्तो अर्थात् १ प्रतिशतदेखि २ प्रतिशतसम्मको ब्याजदरमा लिन सकियो भने यस्तो ऋणबाट निर्माण गरिने जलविद्युत्बाट पूर्ण सञ्चालन भएको पहिलो वर्षमै सम्पूर्ण आम्दानीको ७० प्रतिशतसम्म हिस्सा प्रदेश सरकारको अर्थव्यवस्थामा नगद प्रवाद हुने हुँदा प्रदेशको विकास खर्च चलाउन सजिलो हुन्छ ।

त्यस समयको बिक्री मूल्यमा ३० अर्ब प्रतिवर्षको समग्र आम्दानीमा सञ्चालन खर्च, ब्याज, वार्षिक ऋण भुक्तानी तिरी करिब २० अर्बको नगद प्रवाह प्रत्येक प्रदेश सरकारको पूर्वाधार विकासका लागि अर्थव्यवस्था गर्न सकिन्छ । समय अवधि प्रचलित नेपाल सरकारको नियमानुसार यो आयोजनालाई अध्ययन गर्न लामो समय, कम्तीमा सात वर्ष लाग्छ । मन्त्रिपरिषद्को निर्णयमार्फत यी ६ प्रदेशका ६ आयोजना र अन्य केन्द्र सरकारको आयोजनालाई १ वर्षभित्र अध्ययन समापन, वातावरणीय प्रभाव मूल्यांकन (ईआइए) रिपोर्ट, जग्गा प्राप्ति, वन मन्त्रालय आदिबाट आवश्यक अनुमति दिन सकिन्छ । यस्तो गर्ने हो भने दोस्रो वर्षमा निर्माण कार्यमा जाने गरी व्यवस्था गर्न सकिन्छ । र, पाँच वर्षभित्र आयोजना सम्पन्न गर्न सकिन्छ । तर, यसका लागि प्रधानमन्त्री कार्यालय, ऊर्जा मन्त्रालय, विज्ञ टोलीबीचको विशेष टोलीको व्यवस्था गर्न पनि सकिन्छ। अन्यथा फेरि सरकारी प्रशासनिक झन्झट तथा झमेलामा परेर समय व्यर्थ जान सक्ने डर हुन्छ । ●






१७ वार्षिक विशेषांक



आशा र अवसर

# बौद्धिक सम्पत्तिको सुरक्षा चुनौती



अमृत खड्का

हेग र म्याड्रिड प्रणाली लागू गर्दा एक ठाउँमा दर्ता गरी संसारभर आफ्नो बौद्धिक सम्पत्ति सुरक्षित गर्न सकिन्छ ।

नेपालको अर्थतन्त्रको आकार चालू आर्थिक वर्षमा ६.८१ प्रतिशतले विस्तार भई ३४ खर्ब ६४ अर्ब रुपैयाँ पुग्दैछ । भूकम्पपछि विगत चार वर्षयता आर्थिक वृद्धि पनि प्रत्येक वर्ष औसत ७ प्रतिशत हाराहारीमा छ । वैदेशिक व्यापार पनि वार्षिक १५ खर्ब रुपैयाँभन्दा बढीको छ भने विप्रेषण पनि झन्डै ९ खर्ब रुपैयाँ वैधानिक माध्यमबाटै भित्रिरहेको अवस्था छ । यसरी हेर्दा नेपाली अर्थतन्त्र दुई विशाल छिमेकी मुलुकको तुलनामा निकै सानो लागे पनि यथार्थमा भने अर्थतन्त्रको आकार स्वाभाविक रूपमा वृद्धि भइरहेकाले भूगोल र जनसंख्याका आधारमा सानो नै भनिहाल्न सकिँदैन ।


अर्थतन्त्रका सूचकांकहरू त्यति नकारात्मक नरहे पनि नेपालको संरचनागत समस्याका कारणले अपेक्षित गति हासिल गर्न सकेको छैन भने मुलुकको व्यापारघाटा बर्सेनि चिन्ताको विषय बन्दै गएको छ । नेपालको वैदेशिक व्यापारसम्बन्धी नीति अलमलिएको तथा हाम्रो विद्यमान नेतृत्व (राजनीतिक, प्रशासनिक र निजी क्षेत्रसमेत) मा समेत समकालीन विश्व अर्थतन्त्रको ट्रेन्ड बुझ्न सक्ने क्षमताको कमीका कारण निकासी व्यापारले लय समात्न सकेको छैन । राज्य संयन्त्रमात्र नभई निजी क्षेत्रकै नेतृत्व पनि भिजनरी देखिन नसक्दा हामी विदेशी दाताले पहिचान गरेका वस्तुमै निकासीको भविष्य खोजिरहेका छौं भने अर्कातर्फ ती वस्तु मा जति लगानी गरे पनि परिणामशून्यको अवस्था आएको समेत स्विकार्न सकिरहेका छैनौं । यसर्थ, हामीले हाम्रो निर्यातसम्बन्धी नीतिको निर्मम समीक्षा गर्नु जरुरी भइसकेको छ ।

निर्यातसम्बन्धी सोचमा आमूल रूपान्तरण र नीतिमा परिवर्तन आवश्यक छ, जसमध्ये सबै नीतिको एउटै लेखमा विस्तृत चर्चा गर्न असम्भव छ । तर, प्रस्तुत लेखमा भने बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारको सदुपयोग कसरी गर्ने एवं विश्वमा नेपाली उत्पादनको बजारीकरणका लागि बौद्धिक सम्पत्ति किन महत्वपूर्ण छ भन्ने चर्चा गरौं ।

**के हो बौद्धिक सम्पत्ति ?**

कुनै व्यक्ति वा संस्थाद्वारा मानिसको बौद्धिकता (ज्ञान, सीप, श्रम आदि) प्रयोग गरी आफ्नो स्वामित्वमा गरिएको सिर्जना लाई बौद्धिक सम्पत्ति भनिन्छ । संगीत, साहित्यिक कृति, वास्तुकला, चित्रकला, अन्य कला, खोजी, प्रतीक, नाम, चलचित्र, डिजाइन आदि जुनसुकै सिर्जना बौद्धिक सम्पत्तिमा पर्छन् । बौद्धिक सम्पत्तिलाई मूलतः प्रतिलिपि अधिकार (कपीराइट), ट्रेडमार्क, पेन्टेन्टलगातद्वारा संरक्षित गरिएको हुन्छ । यसैले जसरी भौतिक सम्पत्तिको स्वामित्व प्राकृतिक व्यक्ति वा संस्थासँग हुन्छ, त्यसैगरी कुनै बौद्धिक सम्पत्तिको पनि स्वामित्व हुन्छ । यसलाई बौद्धिक सम्पत्ति अधिकार भनिन्छ । संसारका हरेक व्यक्ति वा संस्थाले आफ्नो बौद्धिक सम्पत्तिको उपयोगको नियन्त्रण गर्न सक्छन् भने यसको उपयोग गरेर अर्थोपार्जन पनि गर्न सक्छन् । बौद्धिक सम्पत्तिको अधिकारकै कारण त्यस सम्पत्तिको सुरक्षा हुन्छ भने यसै कारण मानिसहरू नयाँ खोज र आविष्कार गर्न उत्साहित भइ लागिपर्छन् ।

त्यसो त बौद्धिक सम्पत्ति कानुनले नै सुरक्षित गरेको हुन्छ । नेपालमा 'पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन-२०२२' तथा 'प्रतिलिपि अधिकार ऐन २०५९' ले यसलाई नियमन गरेका छन् । नेपाल सरकारले २०७३ फागुनमा बौद्धिक सम्पत्तिमा ७ वटा क्षेत्र थपेको छ, जसअनुसार भौगोलिक संकेत, वनस्पति प्रजाति संरक्षण, व्यापारिक गोपनीयता, एकीकृत सर्किटको लेआउट डिजाइन, परम्परागत तथा मौलिक ज्ञान, परम्परागत सांस्कृतिक अभिव्यक्ति तथा अमूर्त सांस्कृतिक सम्पदा, जैविक विविधता र अनुवंशिक स्रोत थप भएका छन् ।





**हाम्रा थुप्रै मौलिक, परम्परागत र नवीन डिजाइनहरू विदेशीले आफ्नो नाममा दर्ता गरिसकेका छन् । हाम्रा कुनै डिजाइन विश्व बजारमा चल्यो भने पनि त्यसको आधिकारिक स्वामित्व हामीमा छैन ।**

**बौद्धिक सम्पत्तिको अन्तर्राष्ट्रियकरण**

नेपाल विश्व बौद्धिक सम्पत्ति संगठन (वाइपो)को सदस्य राष्ट्र पनि हो । त्यसैले यस संगठनको सदस्य हुनुमा अवसर र चुनौती दुवै छन् । उत्पादन र निर्यात वृद्धि गर्नका लागि गर्नुपर्ने व्यवस्थामध्ये बौद्धिक सम्पत्ति जगेर्ना गर्न बनेको अन्तर्राष्ट्रिय संस्था वाइपोअन्तर्गत ट्रेडमार्कसम्बन्धी म्याड्रिड इन्टरनेसनल प्रणालीमा र हेग इन्टरनेसनल डिजाइन प्रणालीमा नेपाल सहभागी हुन जरुरी छ । औद्योगिक डिजाइनलाई अन्तर्राष्ट्रिय रूपमा दर्ता गर्ने हेग प्रणालीले एक आवेदनबाट सबै सदस्य देशमा एकैपटक आफ्ना सिर्जनात्मक डिजाइनहरू सुरक्षित गरेर व्यापारका लागि व्यावहारिक समाधान प्रदान गर्छ । म्याड्रिड प्रणालीले भने ट्रेडमार्क मालिक वा दर्तावालालाई सदस्य राष्ट्रहरूमा उनीहरूको ट्रेडमार्कको लागि अन्तर्राष्ट्रिय दर्ता पनि प्रदान गर्छ । तर, नेपाल वाइपोको सदस्य राष्ट्र भए पनि म्याड्रिड र हेग प्रणालीमा दर्ता हुन नसक्दा यो अवसरको सदुपयोगबाट वञ्चित छौं । बरु सबै देशमा आफ्नो बौद्धिक सम्पत्ति दर्ता गर्ने झन्झटिलो व्यवस्थाका लागि सामूहिक प्रतीक चिह्न (कलेक्टिभ ट्रेडमार्क)का लागि करोडौं खर्च गरिरहेका छौं ।

नेपाल सन् १९९९ मै वाइपोको सदस्य भए पनि यसको पूर्ण कार्यान्वयन अहिलेसम्म हुन नसक्नु नेपालको निर्यात व्यापारकै क्षेत्रका लागि अत्यन्त दुःखद् कुरा हो । अहिले नेपाली पश्मिना, चियालगायत धेरै वस्तुको सामूहिक व्यापारचिह्न अन्तर्राष्ट्रिय बजारमा दर्ता गर्ने काम भएको छ । बौद्धिक सम्पत्ति संरक्षणका लागि केही पनि नहुनुभन्दा यसलाई सकारात्मक पनि मान्न सकिएला । यससँगै नगण्य मात्रामा नेपालका निजी व्यापारचिह्नका धनीले पनि केही देशमा आफ्नो व्यापारचिह्न दर्ता गरेका छन् । यसरी प्रत्येक देशमा गएर छुट्टाछुट्टै दर्ता प्रक्रिया पूरा गरी यसरी सामूहिक व्यापारचिह्न दर्ता गर्नुपरेकाले करोडौं रुपैयाँ खर्च र धेरै समय लागेको छ । यदि नेपालले म्याड्रिड इन्टरनेसनल प्रणालीमा जाने निर्णय गेरको थियो भने त्यो काम काठमाडौंबाटै एकैपटक सबै सदस्य राष्ट्रमा आफ्नो सामूहिक व्यापारचिह्न दर्ता गर्न सकिन्थ्यो । औसतमा एक लाख रुपैयाँमा हुने कामका लागि हामीले एउटै प्रणाली अंगिकार नगर्दा लाखौं खर्च गरिरहेका छौं । अमेरिका, क्यानाडा, चीन, अस्ट्रेलिया, डेनमार्क, भारत, बेलायत, जर्मनी, जापानलगायत विश्वका १ सय २१ देशले यो प्रणालीमा दर्ता भइसकेकाले ती मुलुकमा नेपाली उत्पादनको छुट्टाछुट्टै ट्रेडमार्क दर्ता गर्नुपर्ने आवश्यकता नै रहँदैनथ्यो ।

झट्ट हेर्दा सामान्य लागे पनि निकासी व्यापारमा लागत र समय दुवैका हिसाबले निकै महत्वपूर्ण यस्तो विषयमा नेपालले अहिलेसम्म ध्यान दिन सकेको छैन । विभिन्न वस्तुगत संघ र सरकारी निकायहरू विभिन्न दातृ निकायसमेतको सहयोग लिएर देशको निर्यात वृद्धिका लागि भन्दै अन्तर्राष्ट्रिय बजारमा सामूहिक व्यापारचिह्न दर्ता गर्न लागिपर्नुभएको देखिन्छ । उहाँहरूको सत्प्रयासको म प्रशंसा नै गर्न चाहन्छु तर यसरी जुन तरिकाले उहाँहरू अगाडि बढिरहनुभएको छ, त्यसले भने निर्यात बढाउन सक्दैन भन्ने बुझ्न जरुरी छ । किनकि व्यापार अथवा बिक्री बढाउन वा निर्यात प्रवर्द्धन गर्न रणनीतिक रूपमै प्रचार-प्रसारमा खर्च गर्नुपर्छ तथा अनुसन्धान र वस्तु विकासमा धेरै खर्चिनुपर्छ भन्ने अहिलेको विश्व व्यापारको मान्यता बुझ्नु उत्तिकै आवश्यक छ ।

**म्याड्रिड र हेग प्रणाली अनुमोदन**

विकसित मुलुकहरू मात्रै हैन, अफगानिस्तान, भुटान, क्युबा, सुडान र केन्याजस्ता देशहरूसमेत म्याड्रिड र हेग प्रणालीमा सदस्य भइसकेका छन् । तर, कम लागतमा आफ्नो बौद्धिक सम्पत्ति सुरक्षित गर्न सकिने र एउटै दर्ताले सबै सदस्यराष्ट्रमा बराबरी अधिकार कायम हुने गरी लागू गर्न सकिने यस्तो व्यवस्थाका पक्षमा नेपालले कुनै छलफल नै नगर्नु विडम्बनापूर्ण छ र यसबाट हामी निकासी बढाउनुप(यो भन्दै जति चिच्याइरहे पनि यसको सूक्ष्म व्यवस्थापनमा भने कति कमजोर छौं भन्ने कुराको यथार्थबोध गराउँछ । हामी हेग इन्टरनेसनल डिजाइन प्रणालीमा सदस्य छैनौं ।

निकासीकै सन्दर्भमा चर्चा गर्नुपर्दा एक जना सज्जनले भन्नुहुन्थ्यो- हस्तकलामा नेपाल 'स्याम्पल मेकर' मात्रै भयो । हो, हस्तकलामा नेपाल धेरै नै धनी छ, तर औद्योगिक डिजाइनको अन्तर्राष्ट्रिय दर्ताको हेग प्रणालीमा नेपाल सदस्य नभएको कारणले आफ्ना मौलिक, परम्परागत र नवीन रचनाहरू डिजाइनका रूपमा अन्तर्राष्ट्रिय बजारमा दर्ता गर्न सम्भव भएन । हाम्रा थुप्रै मौलिक, परम्परागत र नवीन डिजाइनहरू विदेशीले आफ्नो नाममा दर्ता गरिसकेका छन् । हाम्रा कुनै डिजाइन विश्व बजारमा चल्यो भने पनि त्यसको आधिकारिक स्वामित्व हामीमा छैन ।

ट्रेडमार्क रजिस्ट्रेसनका लागि म्याड्रिड प्रणाली म्याड्रिड सम्झौता (१८९१) र म्याड्रिड प्रोटोकल (१९८९) अन्तर्गत जेनेभा, स्विट्जरल्यान्डस्थित अन्तर्राष्ट्रिय ब्युरोको विश्व बौद्धिक सम्पत्ति संगठन (वाइपो) द्वारा प्रशासित छ । प्रणाली मूलतः अंकको पञ्जीकरण प्रणालीमा सुविधा प्रदान गर्नका लागि सुरु गरिएको थियो । ट्रेडमार्कको रेजिस्ट्रेसनका लागि प्रत्येक क्षेत्रमा फरक प्रणाली हुन्छ । आफ्नो ट्रेडमार्क सुरक्षित गर्नका लागि एक व्यक्तिले आफ्नो मार्क पञ्जीकृत गर्नुपर्छ, जुन उसले सुरक्षित गर्न चाहन्छ । तर विशेष देशले दिएको ट्रेडमार्कले त्यस देशको प्रोप्राइटरको मात्र हितको रक्षा गर्छ । कुनै पनि व्यक्ति जसले उसको ट्रेडमार्कलाई अन्तर्राष्ट्रिय रूपमा सुरक्षित राख्न चाहन्छ । त्यसकारण प्रत्येक व्यक्तिले ट्रेडमार्क रजिस्ट्रेसनका लागि फाइल गर्नुपर्छ जहाँ त्यस्तो सुरक्षा खोजिएको होस् ।

म्याड्रिड प्रणालीले संसारभरका धेरै न्यायालयमा ट्रेडमार्कको रजिस्ट्रेसन सक्षम गर्छ । जुन म्याड्रिड युनियनको सदस्य देश हो आवेदकको राष्ट्रिय ट्रेडमार्क कार्यालय वा क्षेत्रीय ट्रेडमार्क कार्यालयमा एकल आवेदन फाइल गरेर गर्न सकिन्छ । नेपालको छिमेकी भारत पनि पहिले म्याड्रिड प्रणालीको सदस्य थिएन । तर, चाँडै यसले यसको फाइदा बुझ्यो र यसको एक हस्ताक्षरकर्ता हुने निर्णय गर्‍यो । जुलाई ८, २०१३ देखि भारत म्याड्रिड प्रोटोकोलमा सामेल भयो । म्याड्रिड प्रणाली प्रयोग गरेर अब भारतबाट पनि आवेदन दिन सकिन्छ । जब भारत म्याड्रिड प्रोटोकलको सदस्य भयो, म्याड्रिड प्रणालीको पालना गर्न भारतीय ट्रेडमार्क कानुनमा पनि केही संशोधनहरू गरेको छ ।

नेपालले पनि बौद्धिक सम्पत्तिको दर्ताका लागि यस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा प्रावधानहरूको अधिकतम उपयोग गर्नुपर्छ । हामीले निकासी व्यापारबाट मुलुकको आर्थिक सामाजिक विकास गर्ने हो भने कम लागतमा गुणस्तरीय सामान उत्पादन गरी बिक्री गर्नु उत्तिकै आवश्यक छ । व्यापारलाई दिगो र प्रतिस्पर्धी बनाउन बौद्धिक सम्पत्तिको संरक्षणमा गम्भीर बन्नुपर्छ । ●

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
रिता थोकर
अध्यक्ष
तथा
सुमार्गी बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन: ४३६२१५३, ४३६२१९१

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
श्याम के.सी.
प्रबन्ध निर्देशक
तथा
Cosmo Nepal Travel & Tours Pvt. Ltd.
Famaly
Hattisar, Kathmandu, Nepal Trl.: 4432368

बधाई तथा शुभकामना
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
Ambila Basnet
Sub Branch Incharge
9860237171
SUNLIFE
सन नेपाल
लाइफ इन्स्योरेन्स कं. लि.

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन का साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रेमबहादुर कटुवाल
अध्यक्ष
तथा
ब्लु स्काई इण्टरनेशनल प्रा. लि.
परिवार
महाराजगञ्ज चक्रपथ, काठमाडौं, फोन: ४६५०७९७

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन तथा विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पूरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नूर महमद मिया
प्रबन्ध निर्देशक
तथा
अल नूर ओभरसिज प्रा. लि.
परिवार
सामाखुसी-२६, काठमाडौं, नेपाल, फोन : ४३८३०५४

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश
प्रज्ञान न्यौपाने
प्रबन्ध निर्देशक
तथा
बाबा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.
परिवार
प्रगति टोल, धुम्बाराही-४, काठमाडौं, फोन : ४४४००९३




# चुनौतिको चाङ



नन्दलाल खरेल

हाम्रो संविधानमा समाजवाद उन्मुख अर्थतन्त्र भनिएता पनि हाम्रो अर्थतन्त्रको वास्तविकता घट्दो आत्मनिर्भरता र बढ्दो परनिर्भरता छ। यसको प्रमुख कारण हामी उत्पादन नगर्ने र खपत मात्र गर्ने भएकोले यस्तो अवस्था सृजना भएको हो । यसको प्रमुख दोष सरकारलाई जान्छ । सरकारको गलत आर्थिक नीतिका कारणले हाम्रो अर्थतन्त्र आयातमुखी हुन गएको हो । आयतमुखी अर्थतन्त्र भएको कारण व्यापार घाटाकोव्यारोमिटर उच्च देखिएको छ । अजा युवा वस्तु तथा सेवा झैं विदेश निर्यात भएका छन्। कयौं विकसित राष्ट्रहरु आफ्ना वस्तु तथा सेवाहरु विश्व बजारमा विक्री गरेर समृद्ध तथा सम्पन्न भएका छन् । तर हाम्रा युवाहरु विदेशी श्रम बजारमा पुगी खुन र पसिनासँग रेमिट्यान्स साटिरहेका छन्। हाम्रो मुलुक कृषि प्रधान देश हो। ६५ प्रतिशत भन्दा बढी जनता अझैपनि कृषि पेसामा संलग्न छन्। तर विडम्बना कृषि प्रधान देश नेपालमा अन्न, फलफूल तथा तरकारीको आयात भने उच्च दरमा बढीरहेको छ। विभिन्न कारणले विदेश जाने रकम बढी रहेको छ भने विदेशबाट मुलुक भित्रने रकम कम भएको छ। अर्थात शोधनान्तर घाटामा छ। शोधनान्तर स्थिति घाटा हुनु चिन्ताको विषय हो।

समृद्धिको मापन परिसूचकहरु हुन् । हाम्रा परिसूचकहरु प्राय: नकारात्मक देखिएका छन्। मुलुकको शासन सत्तामा हुनेहरुले समृद्धिको नजिक पुगेको कुरा गर्छन् । तर उपलब्ध आर्थिक परिसूचकहरुको आकडाले देश समृद्धिको छेउछाउ होइन गरिवी अर्थात विपन्नताको शिखरमा रहेको देखाउछ । आज भन्दा ३० वर्ष अघि नेपाल भन्दा धेरै गरिव राष्ट्रहरु थिए । त्यतिखेर हाम्रो मुलुकको क्रय शक्ति पनि राम्रै थियो ।आज ती राष्ट्रहरु कहाँबाट कहाँ पुगिसके । तर, हाम्रो मुलुक संसारकै कंगाल राष्ट्रको रुपमा दर्ज हुन पुगेको छ। आज मुलुकमा दुई तिहाइको कम्युनिष्ट सरकार छ। तर, कम्युनिष्ट सरकारलाई जनजीवनसँग जोडेर विश्लेषण गर्ने हो भने महँगी यसरी आकासिएको छ कि सर्वसाधारण जनताको चुल्हो बल्ने अवस्था छैन। १५ जेष्ठको बजेटपछि अधिकांश दैनिक उपभोग्य वस्तुको भाउ आकासिएको छ। चाडवाड नजिक आउदा त झन उपभोक्ताहरु कृत्रिम मूल्यवृद्धिले रन्थानिएका छन्। यसरी बजार भाउँ बढ्दा पनि सम्बन्धित निकाय मौन बसिरहेको छ। रुपमा वामपन्थी सारमा संसदीय पुँजीपति पार्टी नेपाल कम्युनिष्ट पाटी (नेकपा)ले दिगो विकास र सुशासनको गीत गाउँदै २ बर्ष पार गरिसकेको छ । यद्यपि सुशासन संकट झन बढ्दो रुपमा छ। नेपाली अर्थतन्त्रका चुनौतिहरुलाई निम्न बुँदामा यसरी बुझ्न सकिन्छ।

बढ्दो व्यापार घाटा: इतिहासकै शक्तिशाली कम्युनिष्ट आवरणमा रहेको सरकारले सत्ता सम्हालेको झण्डै दुई वर्ष हुन लागेको छ। तैपनि यो सरकारले व्यापार घाटालाई कम गर्ने रणनीति बनाउन सकेन । हरेक दिन, हरेक महिना, हरेक वर्ष आयात-निर्यातको फराकिलो अन्तर बढेसँगै नेपालमा व्यापार घाटाको आकार बढदै गएको छ । चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा नेपालले बैदेशिक व्यापार मार्फत पाँच खर्ब ३३ अर्ब ६४ करोड रुपैयाँको घाटा व्यहोरेको छ । नेपाल राष्ट्र बैंकको हालै सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्मन्धी पछिल्लो

## अर्थतन्त्र

पाँच महिनाको प्रतिवेदन अनुसार कुल वस्तु व्यापारघाटा ६ दशमलब तीन प्रतिशतले घटेर उक्त परिणाम कायम रहेको छ।

राष्ट्रबैंकका अनुसार यस अवधिमा कुल वस्तु निर्यात बढेर ४७ अर्ब ६२ करोड रुपैयाँ पुगेको छ । यो निर्यात गत आवको सोही अवधिको तुलनामा २७ प्रतिशतले बढी हो । आर्थिक वर्ष २०७६/७७ को पाँच महिनामा कुल वस्तु आयात चार दशमलब दुई प्रतिशतले घटेर पाँच खर्ब ८१ अर्ब २६ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३४ दशमलब दुई प्रतिशतले बढेको राष्ट्रबैंकले जानकारी दिएको छ । अघिल्लो वर्षको पाँच महिनामा कुल निर्यात १२ दशमलब सात प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ ४८ दशमलब ६ प्रतिशतले निर्यात बढ्दा चीनतर्फको निर्यात ६ दशमलब दुई प्रतिशत बढेको छ । यस अवधिमा अन्य मुलुकतर्फ ३ दशमलब २ प्रतिशतले निर्यात घटेको राष्ट्रबैकले जनाएको छ । आर्थिक वर्ष २०७५/०७६ मा व्यापारघाटाको व्यारोमिटर उच्च देखिएको थियो । उच्चमात्र होइन यो डरलाग्दो थियो। डरलाग्दो किन थियो भने गत आर्थिक वर्षको बजेट को आकारलाई उछिनेको थियो। गत आर्थिक वर्षको वजेट १३ खर्ब १५ अर्ब रुपैयाँ थियो भने व्यापारघाटा १३ खर्ब २१ अर्ब ४२ करोड रुपैयाँ पुगेको थियो।

कमजोर पुँजीगत खर्च:

समृद्ध नेपाल सुखी नेपालीको मुल नारालाई सार्थक बनाउने कम्युनिष्ट सरकार राजस्व उठाउन र खर्च गर्न असफल भएको छ । पुँजीगत खर्चको ग्राफ निराशाजनक छ । जसको कारण दिर्धकालसम्म नै नकारात्मक प्रभाव देखिनु पर्ने निश्चित छ । चालु आर्थिक वर्ष २०७६/७७ मा सरकारले ४ खर्ब ८ अर्ब रुपैयाँ पुँजीगत खर्च विनियोजन गरेकोमा पुष आन्तिम सम्ममा ५८ अर्ब ३९ करोड मात्र अर्थात १३ दशमलव ७२ प्रतिशत मात्र खर्च भएको छ । महालेखानियन्त्रक कार्यालयको तथ्यांक अनुसार पुँजीगत खर्च हुन नसक्दा सरकारी खातामा १ खर्ब ७४ अर्ब रुपैयाँ थन्किएर बसेको छ। गत वर्षको सोही अवधिको तुलनामा ४ प्रतिशतले कम खर्च भएको छ। पुँजीगत खर्च गर्न सरकार असफल देखिएको मुख्य कारण सरकार आफै इमान्दार तरिकाले नलाग्नुले हो । पुँजीगत खर्च गर्न मात्र होइन सरकार राजस्व संकलन लक्ष्यमा समेत असफल भएको छ। सरकारले ६ महिनाको अवधिमा ५ खर्ब ३८ अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो । तर यो अवधिमा ३ खर्ब ५० अर्ब रुपैयाँ मात्र संकलन गरेको छ।

मूल्यवृद्धि नियन्त्रण बाहिर: दक्षिण तर्फको छिमेकी राष्ट्रमा चर्किएको मूल्य वृद्धिले नेपाली उपभोक्ताको भान्सा महँगिएको तथ्य नेपाल राष्ट्रबैंकले सार्वजनिक गरेको छ । गएको मसिंर महिनामा नेपाली वजारमा तरकारीको भाउ औषत ४२ प्रतिशत महगिएको छ । यसको मतलब अघिल्लो साल १ सय रुपैयाँमा पाइने तरकारी किन्न यो वर्ष १ सय ४२ रुपैयाँ खर्चनु पर्ने भएको हो । तरकारी मात्र होइन मसला, फलफुल, दाल तथा गेडागुडीको उपसमूहको मूल्य वृद्धि उच्च देखिएको छ । नेपाल राष्ट्रबैंकको प्रतिवेदनमा भनिएको छ। शिक्षा, लुगा तथा जुत्ता र फर्निसिड तथा घरायसी उपकरण उप समूहको मूल्य बढेको छ । पाँच महिनाको अवधिमा बजार मूल्य वृद्धिदरमा निकै उताव चढाव देखियो । गत मंसिरमा बजार भाउ मूल्य वृद्धिदर ६.५५ प्रतिशत बढ्यो । गत वर्षको पाँच महिनाको तुलनामा यो करिब २.८४ प्रतिशत विन्दुले वढी हो । मूल्य वृद्धि हुँदा सरकारद्धारा लक्षित आर्थिक वृद्धिदर प्राप्तिमा पनि असर देखिन्छ। यो वर्ष सरकारले साढे ८ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य तय गरेको छ।

**रेमिट्यान्स आप्रवाहमा उल्लेख्य सुधार नहुनु:**

चालु आर्थिक वर्षको ५ महिनामा विप्रेषण आप्रवाह (रेमिट्यान्स) शुन्य दशमलव एक प्रतिशतले मात्रै वढेर ३ खर्ब ७६ अर्ब ९९ करोड कायम रहेको छ । राष्ट्रबैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण अप्रवाह ३१ दशमलब नौ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह शून्य दशमलब सात प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १९ दशमलब २ प्रतिशतले बढेको थियो। राष्ट्रबैंकका अनुसार पुन: श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या सात दशमलब ६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १.४ प्रतिशतले घटेको थियो। रेमिट्यान्स अर्थतन्त्रको प्रमुख हिस्सा बनेको छ। तर यसलाई सधै यहि अवस्थामा राख्नु हुँदैन। जीडीपीमा रेमिट्यान्सको योगदान क्रमश घटाउँदै जानु पर्छ। अर्थतन्त्रको अर्को बलियो आधार नुहन्जेल रेमिट्यान्स अर्थतन्त्र अगल्नु हाम्रो वाध्यता हो। यो अस्थायी हुनु पर्दछ। यसलाई दीर्धकालीन रणनीति बनाउनु हुँदैन।

**बढ्दो अनौपचारिक (छाया)अर्थतन्त्र:**

नेपालमा पहिलोपटक गरिएको आर्थिक गणनाले अनौपचारिक अर्थतन्त्रको आकार ४९ दशमलब ९ प्रतिशत रहेको देखाएको छ। केन्द्रिय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको नतिजाअनुसार देशभर नौ लाख २३ हजार तीन सय ५६ वटा प्रतिष्ठान सञ्चालनमा छन्। तीमध्ये चार लाख ६० हजार चार सय २२ वटा प्रतिष्ठान कुनै पनि निकायमा दर्ता नभई सञ्चालन भएको गणनाले देखाएको छ । विभागका अनुसार देशभर सञ्चालनमा रहेकामध्ये ५४ प्रतिशत व्यवसाय थोक तथा खुद्रा व्यापारमा आधारित छन्। तर कुल रोजगारी सृजनामा भने थोक तथा खुद्रा व्यापारको योगदान ३० प्रतिशत मात्रै रहेको छ। औद्योगिक उत्पादनसँग सम्बन्धित प्रतिष्ठानको संख्या कुल आर्थिक इकाइको ११ दशमलब ५७ प्रतिशत छ भने यस क्षेत्रबाट १५ प्रतिशत रोजगारी सिर्जना भएको छ।

देशभित्र सञ्चालनमा रहेको झण्डै ५० प्रतिशत उद्योग व्यवसायले ५० प्रतिशत त दर्ता नभई सञ्चालनमा छन् भने नेपालमा सञ्चालित ५२ प्रतिशतभन्दा बढी प्रतिष्ठानहरुले आफ्नो कारोबारको हिसाब राख्दैनन् । यसको सोझो अर्थ के हो भने देशको कुल वित्तीय कारोबारको आधा राष्ट्रिय लेखा प्रणालीमा अभिलेखित छैन।

**बढ्दो भ्रष्टाचार:**

सरकारले एकातिर सुशासनको गीत गाइरहेको छ भने अर्कोतिर कानून उलंघन गरी मुलुकको ढुकुटीबाट भएको अनियमति खर्च ६ खर्ब ८३ अर्ब ६६ करोड रुपैयाँ पुगेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा ३६ दशमलब ७१ प्रतिशतले बढी हो। अघिल्लो आर्थिक वर्ष कुल बेरुजु रकम ५ खर्ब ८ करोड रुपैयाँ थियो । राज्यकोष आयव्ययको अन्तिम लेखापरीक्षण गर्ने संवैधानिक निकाय महालेखा परीक्षक कार्यलयले सार्वजनिक गरेको ५६ औं वार्षिक प्रतिवेदनअनुसार गत वर्ष मात्रै एक खर्ब ४१ अर्ब पाँच करोड रुपैयाँ बेरुजु थपिएको छ। जसमा संघीय सरकारकातर्फ १ खर्ब ६ अर्ब ३३ करोड ८० लाख, प्रदेश तहमा १९ .करोड ५१ लाख छ । गत वर्षको मात्रै स्थानीय तहको बेरुजु २४ अर्ब १४ करोड १६ लाख र विभिन्न संघसंस्था तथा जिल्ला समन्वय समितिको १० अर्ब ३७ करोड ५८ लाख रुपैयाँ बेरुजु छ।

७. अन्तयमा समृद्धिको मापन परिसूचकहरु हुन् । हाम्रा परिसूचकहरु प्राय: नकारात्मक देखिएका छन् । आर्थिक सफलता अब खोक्रा आश्वासन वा वितरणमुखी लोकप्रियताबादबाट होइन आर्थिक सूचकाडबाट तय हुनुपर्दछ । नेपालमा कम्युनिष्ट आन्दोलन उत्तरहरुबाट होइन प्रश्नहरुबाट स्थापित भएको हो । मानिस किन गरिब हुन्छ ?जातीय भेदभाव किन हुन्छ ? असमानताको खाडल किन बढ्छ ? अब यी प्रश्नहरुको उत्तर दिने ठाउँमा छ नेतृत्व। समृद्धिको बासुरी मात्र हाम्रा प्रधानमन्त्रीले लगातार बजाएर मात्र पुग्दैन । यी सबै प्रश्नको जवाफ तथ्याङ्कमा दिन आवश्यक छ। ●

# सूचना नै आदिवासीको पहिलो अधिकार



कुमार यात्रु, तामाङ

विश्वका करीब ३७ करोड भन्दा बढी जनसंख्या भएका आदिवासीहरुको अधिकारलाई सुनिश्चित गर्दै जारी भएका राष्टसंघीय दस्तावेजहरुमा 'स्वतन्त्र, पूर्व तथा सूसुचित सहमति' को अवधारणा आएपछि यसको सफल कार्यन्वयन चुनौतिपूर्ण देखिएको छ । यो अवधारणालाई राज्य सञ्चालन गर्ने प्रणालीमा आवद्ध गर्नु पर्ने हुन्छ। केही मुलुकमा यसको प्रयोगलाई उच्च प्राथामिकता दिएर राष्ट्रिय संयन्त्र मार्फत कार्यन्वयन गरेको पाईन्छ। तर नेपालमा भने यो प्रणालीलाई स्वीकार गर्न राज्य सञ्चालकहरु आनाकानी गरिरहेका छन्।

संयुक्त राष्ट्रसंघीय महासभाले १३ सेप्टेम्बर २००७ मा पारित गरेको 'आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र' मा 'स्वतन्त्र, पूर्व तथा सुसूचित सहमती' आदिवासीको अधिकारका रुपमा उल्लेख छ । त्यसरी नै अन्तराष्टिय श्रम संगठनको महासन्धी संख्या १६९ ले यो पद्धतिलाई आदिवासी अधिकारको मूख्य आधार मानेको छ । नेपाल ती दुबै महासन्धीलाई स्वीकार गर्ने मुलुक हो । तर पनि यो पद्धतिलाई हार्दिकतापूर्बक ग्रहण नगर्दा विकास प्रयासमा धेरै अवरोधको सामना गर्नु परिरहेको पाइन्छ । उदाहरण्का लागि काठमाडौ उपत्यकाको सडक विस्तारलाई नै लिन सकिन्छ । यदि काठमाडौको सडक बिस्तार योजना सुरु हुन पूर्ब नै आदिवासी र स्थानीय बासिन्दासंग परामर्स गरेर उनीहरुको स्वतन्त्र सहमति प्राप्त गरेको भए राज्य र नागरिक बीच द्वन्द्वको अवस्था आउने थिएन । अहिले जहाँ-जहाँ सडक विस्तार भएको छ, त्यहाँ-त्यहाँ अवरोध, दोहोरो झडप तथा अवरोधको स्थिति छ । यो नागरिकको सहमति प्रणालीलाई हार्दिकतापूर्बक स्वीकार नगर्नुको परिणाम हो।

**प्रणालीको अभ्यास**

'स्वतन्त्र, पूर्ब तथा सूसुचित सहमति' अग्रेजी भाषाको ँचभभ एचष्यच क्ष्लायचकभम ऋयलकभलत को नेपाली अनुवाद हो । यसका अभियानकर्ताहरुले 'एफपीआईसी' अर्थात 'एफपीक' भनेर सम्बोधन गर्ने गरेका छन् । यस अवधारणाले आदिवासी जनजातिको जीवनचक्रको परिधिमा राज्यका हरेक नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने औजारका रुपमा स्थापित गरेको छ । राज्यसत्तामा पहुँच रहेका शासकहरूले शासकीय संरचना, निर्णय र विकास निर्माणका प्रक्रियाहरूमा आदिवासी जनजाति समुदायहरूलाई सहभागि नगराई औद्यागेगिकिरण, आधुनिकीकरण र भू-मण्डलीकरणका मानवीय क्रियाकलापहरू सञ्चालन गर्दै आएको पृष्ठभूमिमा परम्परागतरूपमा जीवन निर्वाह गरिरहेका आदिवासीहरूको जीवन बाच्ने प्रणालीमा असर परेको ठहर गर्दै यो अवधारणालाई अन्तराष्टिय कानुनले बाध्यत्मक बनाएको हो।

यो प्रणालीको असल अभ्यासका रुपमा नर्वे सरकारले त्यहाँका आदिवासी सामी समुदायका लागि गरेको बिशेष व्यबस्था उल्लेखनीय छ । नर्वेले सामीहरुका लागि छुट्टै संसद पनि व्यबस्था गरेको छ। यस्तो सामी संसद स्वीडेन, फिनल्याण्डमा प्रचलनमा आएको छ। आदिवासीहरुले अष्ट्रेलिया, फिलिपिन्स, ग्वाटेमाला, केन्या, न्युजिल्याण्ड, पानामा, मोरक्को, बोलिभियामा आदिवासीहरुलाई राज्यका नीति निर्माणका क्रममा गरिने परामर्स प्रक्रिया, सूचना प्रणाली र परामर्स गर्ने संरचनालाई उदाहरणीय मान्ने गर्दछन्। परिणामत: ती मुलुकहरु शान्ति, स्थिरता र समृद्धिको मार्गमा लागेका छन् । हुन पनि हो, राज्यको महत्वपूर्ण जनसंख्या भएको आदिवासीहरुलाई राज्यका निर्णय प्रक्रियामा बाहेक गरेर देशमा समृद्धिको सपना देख्नु कोरा सपनामा मात्र सिमित हुन्छ।

**अधिकारको प्रयोग**

आदिवासीका आफनै जीवन पद्धति र इतिहास हुन्छ । आदिवासीहरुका लागि पुख्यौली भूमिसंग इतिहास, साँस्कृतिक, आध्यात्मिक, धार्मिक आस्थाहरु जोडिएको हुन्छ । ती भौगोलिक क्षेत्रहरूमा अवस्थित जल, जमिन, जंगल र जलवायुको अनुकुलतामा उनीहरु बाचेका हुन्छन् । उनीहरुको जीवन चक्रका लागि आवश्यक पर्ने घरेलु उपयोगका सामाग्रीहरू, औषधीजन्य तत्वहरू र खाद्य पदार्थहरु त्यहीबाट उपलव्ध हुने हो। ती भूक्षेत्रमा गरिने आधुनिक विकासले यी सप्पै पहिचान र परिचयमा सोझो असर आदिवासीमा पर्न जान्छ । उदाहरणका लागि मुगुको रारा ताल संरक्षणका नाममा बिस्थपित बनाईएका खसहरुको जीवन प्रणालीलाई बाँकेको कोहलपुरमा गएर हेरे हुन्छ।

तथाकथित सीमा सुरक्षाका नाममा कञ्चनपुरमा पुनर्बास गराईएका भूपूसैनिक मगर, गुरुङ, राई तथा तामाङहरुलाई पनि उदाहरणका रुपमा लिन सकिन्छ । उनीहरुको जीवनशैलीमा प्रतिकुल असर परी भौतिक जटिलता, विभिन्न प्रकारका रोगको संक्रमण हुने र अन्तत: अप्राकृतिक मृत्युलाई बढाएको बिभिन्न अनुसन्धानहरुले देखिएको छ।

यसैकारण कुनै पनि परियोजना तथा विकास प्रक्रिया सुरु हुन भन्दा अगाडि आदिवासीको जीवन पद्धतिलाई असर नपर्ने गरी गरिनु पर्दछ। कस्तो मोडलको विकास आवश्यक भएको हो भन्ने निर्णय आदिवासीले नै गर्न पाउनु पर्दछ। आदिवासीहरुले चर्चेको आफनो ऐतिहासिक तथा सामुदायिक भूमिमाथि आदिवासी समुदायको सामूहिक नियन्त्रण र निर्णय गर्ने सामूहिक अधिकार हुनु पर्दछ भन्ने मान्यताका आधारमा 'स्वतन्त्र, पूर्व तथा सुसूचित सहमती'को अवधारणा आएको हो। यो प्रणालीलाई विकास निर्माणका परियोजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसमेतको चक्रीय प्रणालीमा लागू हुन्छ। ●








## आशा र अवसर

# वैदेशिक लगानीको अवसर र चुनौती



**प्रेमलकुमार खनाल**

हाम्रो जस्तो कम विकसित मुलुक जहाँ आन्तरिक स्रोतसाधन परिचालनको अवस्था कमजोर रहेको छ, जसले गर्दा राजस्वका स्रोतबाट साधारण खर्च पनि धान्न नसकिने अवस्थामा मुलुक पुगेको छ। विकासका लागि आवश्यक पर्ने झन्डै दुईतिहाई रकम वैदेशिक सहायता र लगानीमा भर पर्नुपर्ने अवस्था छ।

मुलुकमा युगान्तकारी परिवर्तन भएर नयाँ संविधान बनेको, झन्डै दुईतिहाइको जनमतका साथ स्थिर सरकार गठन भएर राजनीतिक अस्थिरताको करिब-करिब अन्त्य भएको, मुलुकमा समृद्ध नेपाल सुखी नेपालीको मूल नाराका साथ सरकारले विकासको अभियानलाई अगाडि बढाइरहेको, नेपालको आन्तरिक उत्पादन न्यून रहेको र छिमेकी मुलुक भारत र चीनको विशाल जनसंख्या रहेका कारण वस्तु तथा सेवा उत्पादनका वस्तुहरूको बजारको आन्तरिक एवं बाह्य हिसाबले पनि प्रचुर सम्भावना रहेको छ। नेपालमा पूर्वाधार विकासका क्षेत्र कृषि, पर्यटन, ऊर्जा आदि क्षेत्रमा लगानीको प्रचुर सम्भावना रहेको साथसाथै गत वर्ष जारी भएको श्रम कानुन र सामाजिक सुरक्षा ऐनले औद्योगिक सम्बन्ध व्यवस्थित गर्न मद्दत पुऱ्याउनुका साथै डुइङ बिजिनेस इन्डेक्सले पनि नेपालमा लगानीको वातावरण सिर्जना हुँदै गएको उल्लेख गरेको हुँदा पनि दृढ राजनीतिक इच्छा शक्तिका साथ, प्रभावकारी कूटनीतिक पहल, पूर्वाधार निर्माण र नीतिगत एवं संरचनात्मक सुधारको कार्यलाई तीव्रता प्रदान गर्दा नेपाललाई आवश्यक पर्ने वैदेशिक सहायता र लगानीका स्रोत जुटाउन सक्ने महत्वपूर्ण अवसर प्राप्त भएको छ।

अहिले विश्व व्यापारीकरण र नवउदारवादी अर्थनीतिको सन् १९९० को दशकदेखि अवलम्बन गरेयता विश्वव्यापी रूपमा अनुदान होइन, व्यापार र लगानी भन्ने नीतिलाई विकसित देशहरूले अवलम्बन गर्ने गरेका छन्। नेपालमा योजनाबद्ध विकासको थालनी भएको ६३ वर्ष व्यतीत भएको छ। योजनाको आरम्भदेखि नै आन्तरिक स्रोतसाधनलाई सुदृढ गरी विकास-निर्माणका कार्यलाई अगाडि बढाउनुको सट्टा विदेशी सहायता, अनुदान र ऋणमा नेपालले भर पर्दै आउनुपरेको छ। अब यसरी विदेशी सहायता र ऋणमा मात्र भर पर्ने स्थिति पनि छैन र विदेशी सहायता ऋणले अर्थतन्त्रको लागतलाई उच्च बनाउने काम गरेको छ।

अहिले मुलुकमा सामु कुल गार्हस्थ्य उत्पादनमा पहिलो ६ महिनामा वैदेशीक ऋणको अंश ३२ प्रतिशत पुगिसकेको छ। विगत एक दशकमा कुल गार्हस्थ्य उत्पादनमा औसत ३० प्रतिशत नै वैदेशिक ऋणको अंश रहेको पाइन्छ। आव ०७५/७६ को ६ महिनामा आइपुग्दा झन्डै ७ खर्ब रकम विदेशी ऋण दायित्व रहेको छ।

मुलुकमा प्रत्यक्ष वैदेशिक लगानीको स्थिति हेर्दा त्यतिउत्साहजनक देखिँदैन। आर्थिक वर्ष ०७५/७६ सम्म कुल २ हजार ९ सय ६६ वटा परियोजनामा २ खर्ब ३१ अर्ब १७ करोड मात्र लगानी भएको देखिन्छ भने वैदेशिक लगानीमा सञ्चालित उद्योग तथा परियोजनामा जम्मा १ लाख १४ हजार ७ सय ९ जना रोजगारीमा संलग्न भएको देखिन्छ। तर, रोजगारी प्राप्त गर्नेमध्ये कति स्वदेशी र कति विदेशी मानिसले रोजगारी प्राप्त गरिरहेका छन् भन्ने सरकारी तथ्याङ्क प्रकाशित नहुनु विडम्बनाको विषय बनेको छ।

यस्तै वैदेशिक लगानीमा खास गरी कृषि तथा अन्यमा २ सय ७५ वटा उद्योगमा ६ अर्ब २८ करोड लगानी भएको छ भने निर्माण उद्योगका ४६ वटा उद्योगमा ३ अर्ब ९८ करोड, ऊर्जामूलक ८१ वटा उद्योगमा १ खर्ब २३ खर्ब ८२ करोड, सूचना प्रसारण, सञ्चार प्रविधिमा आधारित ५० वटा उद्योगमा ८५ करोड, उत्पादनमूलक ५६ वटा उद्योगमा ५ खर्ब ३७ अर्ब ४ करोड, खनिजतर्फ ७२ वटा उद्योगमा ७ अर्ब ९८ करोड, सेवामूलक १ हजार ५ सय ७५ वटा उद्योगमा ४९ अर्ब ६६ करोड र पर्यटनतर्फ १ हजार ४ सय ४१ वटा उद्योगमा ३४ अर्ब ५५ करोड गरी कुल जम्मा झन्डै २८ खर्ब लगानी भएको पाइन्छ।

यसरी लगानी भएको मध्ये देशगत रूपमा उद्योग संख्याका आधारमा सबैभन्दा बढी चीनको ३१.१ प्रतिशत र लगानी ३९.९८ प्रतिशत रहेको छ। जबकि भारतको उद्योग संख्याका आधारमा १६.४ प्रतिशतमात्र र लगानी ३३.४ प्रतिशत रहेको छ। वैदेशिक लगानीबाट सञ्चालन भइरहेका तथा सञ्चालनका लागि स्वीकृति पाएमा उद्योगमा गरी २.५० लाख रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

वैदेशिक लगानीमा सञ्चालन भएका कुल ४ हजार ६ सय ९६ परियोजनामध्ये प्रदेश १ मा १ सय २३, प्रदेश २ मा १ सय ४७, प्रदेश ३ मा ३ हजार २५, गण्डकी प्रदेशमा ४ सय ४, प्रदेश ५ मा ६७, कर्णाली प्रदेशमा ८५ र सुदुरपश्चिममा ४५ वटा उद्योग रहेका छन्। वैदेशिक लगानीमा सञ्चालन भएकामध्ये साना उद्योगहरू ३ हजार ९ सय ९०, मझौला ४ सय ११ र ठूला उद्योग २ सय ९५ वटा छन्। मुलुकभित्र वैदेशिक लगानी भित्र्याउने सन्दर्भमा खास गरी लगानीकर्ताहरूले मुलुकको समग्र आर्थिक स्थायित्व, राजनीतिक स्थिरता, कानुनी शासन, बजारको आकार र विस्तारको सम्भावना, कमाएको मुनाफा र लाभांश फिर्ता लैजाने व्यवस्था, विदेशी विनिमय परिवर्त्यको व्यवस्था, करका दरहरूको अवस्था, भौतिक पूर्वाधार निर्माणका लागि जग्गा, यातायात, सञ्चार, विद्युत्, शान्ति-सुरक्षा आदिको स्थिति, वातावरणीय अवस्था आदिका बारेमा विविध विषयमा अध्ययन गरेर लगानीको वातावरण उपयुक्त छ/छैन भनेर विश्लेषण गर्ने गर्छन्।

नेपालमा वैदेशिक लगानी भित्र्याउने सम्बन्धमा संविधानमा नै राष्ट्रिय हितअनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिलाई आकर्षित गर्ने नीतिलाई दिशाबोध गरेको छ। यसै सन्दर्भमा गत वर्षमात्रै नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ जारी भएको छ। ऐनमा मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु सेवाको उत्पादनका क्षेत्रमा विदेशी पुँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्रीवातावरण सिर्जना गर्दै औद्योगीकरणमार्फत दिगो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखिएको छ। यसका साथै वैदेशिक लगानीलाई आकर्षित गर्न औद्योगिक नीति, विदेशी लगानी नीति, श्रम ऐन, विशेष आर्थिक क्षेत्र ऐन, उपभोक्ता संरक्षण ऐन, औद्योगिक व्यवसाय ऐनजस्ता ऐनहरूसमेत रहेका छन्। यसका साथै पन्ध्रौं पञ्चवर्षीय योजनामा समेत वैदेशिक लगानीलाई आकर्षित गर्न नीतिगत एवं कानुनी व्यवस्था गर्ने उल्लेख गरिएको छ। यसैगरी विदेशी लगानीलाई आकर्षित गर्न फ्रान्स, बेलायत, मौरिसस, फिन्ल्यान्ड र भारत गरी जम्मा ६ वटा देशसँग विप्पा सम्झौता तथा विभिन्न १० वटा देशसँग दोहोरो कर मुक्तिका लागि सम्झौता गरेको छ। नेपालमा लगानीको सुरक्षा र लगानीको प्रतिफल फिर्ता लैजाने व्यवस्थाको प्रत्याभूतिका लागि बहुपक्षीय लगानी सुनिश्चित नियोग (मिगा) को र वैदेशिक लगानीसम्बन्धी विवाद समाधानका लागि अन्तर्राष्ट्रिय व्यापार कानुनसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग (युनिसिटिरल) को पनि नेपाल पक्ष राष्ट्र रहेकाले वैदेशिक लगानीका लागि नीतिगत एवं कानुनी हिसाबले नेपालमा विदेशी लगानीका लागि पूर्वाधार रहेको देखिन्छ।

तर, उपर्युक्त नीतिगत र कानुनी व्यवस्था भए पनि विगत तीन दशकसम्मको राजनीतिक अस्थिरताले विदेशी लगानीकर्तालाई अझै पनि ढुक्क भएर लगानीका लागि आकर्षित भने गर्न सकिएको छैन। अहिले झन्डै दुईतिहाईको जनमतका साथ सरकार गठन भए पनि मन्त्री र कर्मचारीतन्त्रमा भइरहने बराबरको फेरबदलले राजनीतिक स्थिरता कायम हुन नसकेको सन्देश दिइरहेको छ। अझै पनि प्रशासनभित्र राजनीतिक र कर्मचारीतन्त्रमा उत्तरदायित्व एवं पारदर्शिता कायम हुन सकेको छैन। भौतिक पूर्वाधारको अपर्याप्तता, दक्ष कामदारको अभाव, एकद्वार नीतिको प्रभावकारितामा कमी, जग्गा प्राप्ति र जग्गाको मूल्यको मूल्याङ्कनमा सरल, सुपथ वैज्ञानिक निर्धारण गर्ने विधि पद्धतिको कमी, प्रक्रियागत ढिलासुस्ती, भ्रष्टाचार, बजारको अनिश्चितता, न्यून आयका कारण उपभोक्ताको कमजोर क्रयशक्ति र बैंकहरूको लगानीको पुँजीगत आधार कमजोर अवस्थामा रहेको छ।

मुलुकमा आर्थिक-सामाजिक रूपान्तरण गरेर आर्थिक विकास र समृद्धि हासिल गर्दै समाजवादको आधार निर्माण गर्ने संवैधानिक कार्य दिशालाई आत्मसात् गरेर अगाडि बढ्नु जरुरी छ। औद्योगीकरणको प्रक्रियालाई अगाडि नबढाईकन व्यापक रोजगारीका अवसर सिर्जना पनि गर्न सकिँदैन, तसर्थ उत्पादन वृद्धि गरेर आयात प्रस्थापन गर्दै देशलाई आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन गर्ने नीतिका साथ अगाडि बढ्नु जरुरी छ। तर, औद्योगीकरण गर्नका लागि आर्थिक पुँजी पर्याप्त छैन। उत्पादन बढाउने, रोजगारी व्यापक रूपमा विस्तार गर्न कृषि, पर्यटन, ऊर्जाजस्ता क्षेत्रमा विदेशी लगानीलाई व्यापक रूपमा भित्र्याउनु आवश्यक छ। तर, विदेशी लगानी भित्र्याउने नाममा बाह्य लगानीमा मात्र निर्भर हुने र देशभित्र बचत परिचालन गरी राष्ट्रिय पुँजी निर्माण गर्नेतर्फ ध्यान नदिने हो भने देश विदेशी ऋण र लगानीका कारण परिनिर्भरताको माखेसाङ्लोमा फस्न पुग्छ। यसले आत्मनिर्भर होइन, परनिर्भरता नै बढाएर लैजान्छ र स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दैन। तसर्थ अब वैदेशिक लगानीलाई आन्तरिक लगानी र वैदेशिक लगानीका बीच सन्तुलनको नीतिका साथ अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानीलाई अल्पकालसम्म मात्र अर्थात् १०/१५ वर्षभित्रसम्म आकर्षित गर्ने र सो अवधिसम्म स्वदेशी पुँजीको व्यापक विस्तार गर्ने नीति अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानीलाई स्वदेशी श्रम, सीप तथा साधनको अत्यधिक उपयोग गर्ने गरी भित्र्याउनुपर्छ। यस्तै पूर्वाधारका क्षेत्र, सडक, हवाई यातायात, जल यातायात, कृषि आधारित उद्योग, पर्यटनजस्ता क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ। साना खालका उद्योगहरूमा स्वदेशी लगानीकर्तालाई नै लगानी गर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गर्नुपर्छ। वैदेशिक लगानी भित्र्याउने नाममा नेपालमा सस्तो श्रमअभ्यास छ भनेर जुन प्रचार भइरहेको छ, श्रमजीवीवर्गको कोणबाट हेर्दा यस किसिमको प्रचार बेठीक छ। देशको श्रमशक्तिलाई दक्ष बनाउन सीपमूलक तालिमलाई घनीभूत रूपमा सञ्चालन गर्नुपर्छ। मुलुकभित्र स्थापित हुने वैदेशिक लगानीका उद्योग-व्यवसायमा श्रमिकहरूको सेवासुविधा र उनीहरूको संगठित हुन पाउने र सामुहिक सौदावाजी गर्न पाउने अधिकारलाई सुनिश्चित गरेर मात्र वैदेशिक लगानी भित्र्याउनुपर्छ। वैदेशिक लगानीकर्ताले उत्पादन, रोजगारी वृद्धि नगरी श्रम शोषण गरेर अधिक मुनाफा खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ।

मुलुकमा वैदेशिक लगानीलाई आकर्षित गर्न खास गरी राजनीतिक र कर्मचारीतन्त्रको मनोवृत्तिमा सुधार गर्न जरुरी छ। राजनीतिक र कर्मचारीतन्त्रमा विद्यमान भ्रष्ट मनोवृत्ति भइरहेमा लगानीकर्ताहरू लगानीका लागि उत्साहित हुने स्थिति छैन। यसैगरी योग्यता र क्षमताका आधारमा मन्त्री र कर्मचारीतन्त्रको छनोट गर्ने विधि अवलम्बन गर्ने र उनीहरूलाई कामप्रति जवाफदेही र उत्तरदायी बनाउने ढंगले नीतिगत एवं कार्यशैलीमा सुधार गर्नु जरुरी छ। विद्यमान ऐन-कानुनहरूमा सामन्जस्यता र एकरूपता कायम गरी विदेशी लगानीलाई आकर्षित गर्नु जरुरी छ।

वैदेशिक लगानीलाई आकर्षित गर्न आर्थिक कूटनीतिलाई पनि प्रभावकारी रूपमा परिचालन गर्न जरुरी छ। नेपालको कूटनीतिक सम्बन्ध भएका देशहरूमा राजदूतहरूमार्फत नेपालमा लगानीको सम्भावना र क्षेत्रका बारेमा सम्बन्धित देशमा प्रचारप्रसार गर्न, लबिङ गर्न राजदूतहरूलाई परिचालन गर्नुपर्छ। सम्बन्धित देशहरूमा नेपाली दूतावासकै आयोजनामा नेपालमा लगानीको सम्भाव्यता विषयमा गोष्ठी, अन्तर्क्रिया गराउनुपर्छ र यस्ता कार्यको प्रभावकारिताकै आधारमा राजदूतहरूको कामको समीक्षा र मूल्यांकन गर्ने व्यवस्था गर्नु जरुरी छ। तसर्थ राजदूतहरू नियुक्ति गर्दा कूटनीतिक मामलामा दक्खल राख्नुका अतिरिक्त मुलुकको आर्थिक मामलामा विज्ञ र अनुभवी व्यक्तिहरूको छनौट गर्न राजदूतहरूको नियुक्तिका लागि योग्यता पनि निर्धारण गर्नु जरुरी छ र सक्षम तथा योग्य व्यक्ति राजदूत पदमा छनोट गर्ने व्यवस्था गर्नुपर्छ। ●





